# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क १७ पूर्णाङ्क १६२ | २०७६ मंसिर ९ गते सोमबार | Monday, 25 Nov., 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## सम्मेलन सकिएलगत्तै क्रान्तिकारी माओवादी ३ नं. प्रदेशले जारी गर्‍यो यस्तो प्रेस विज्ञप्ति




काठमाडौं । कार्तिक २९, ३० र मंसिर १ गते सम्पन्न गरेको नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशले ५ मंसिरमा एक विज्ञप्ति जारी गरेको छ। पार्टीका प्रदेश इन्चार्ज सागर र सेक्रेटेरी प्रवेशको संयुक्त बाँकी ७ पेजमा

# प्रहरी हस्तक्षेपको प्रतिवाद गर्दै देशैभर बहिस्कार सभा सम्पन्न

- पोखरा, भक्तपुर, चितवन, दाङ र धरानमा बहिस्कारसभा सम्पन्न,
- दाङ र धरानमा प्रहरी हस्तक्षेप
- उपनिर्वाचन बहिस्कार गर्न वक्ताहरूको अपील



काठमाडौं । मंसिर १४ को उपनिर्वाचन नजिकिदै गर्दा नेकपा (क्रान्तिकारी माओवादी) तथा सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले 'संसदीय उपनिर्वाचन सक्रिय बहिस्कार गरौं !, नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढौं !!' भन्ने मूल नाराका साथ उपनिर्वाचन बहिस्कार आन्दोलनलाई तीव्रता दिएको छ । उपनिर्वाचन सक्रिय बहिस्कारको नीति लिएको क्रान्तिकारी माओवादीले आफू सम्बद्ध क्रान्तिकारी बाँकी ४ पेजमा

## क्रान्तिकारी माओवादी सुदूरपश्चिम प्रदेशको सम्मेलन सम्पन्न

### चिन्तक सेक्रेटरीमा निर्वाचित





धनगढी । नेकपा (क्रान्तिकारी माओवादी) सुदूरपश्चिम प्रदेशको सम्मेलन सम्पन्न भएको छ। धनगढीको चौराह होटल पिसमा सम्पन्न सम्मेलनले चिन्तकलाई प्रदेश सेक्रेटरीमा निर्वाचित गरेको छ ।

सम्मेलनले चिन्तकको नेतृत्वमा २५ सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको हो ।

उक्त प्रदेश कमिटिका सदस्यहरूमा बिक्रान्त, लालकिरण, शितल, शितल, धरातल, ज्वाला, प्रतिभा, प्रतिथा, रमेश, कैलाश, किशोर, सौरभ, जयलाल, ज्वाला, पवन, सुरविर लगायत रहेका छन् ।

पार्टीका स्थायी समिति सदस्य राजवीरको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनको अध्यक्षता इन्चार्ज अनुकूलले गरेका थिए ।

पार्टीका कैलाली इन्चार्ज डायमण्डले सञ्चालन गरेको सम्मेलनमा पार्टी केसहरू विक्रान्त र लालकिरणको समेत अतिथिको रूपमा उपस्थिति रहेको थियो ।

## भक्तपुरमा देजमोको बहिस्कारसभा भव्यरूपमा सम्पन्न

# 'जनताले यो बद्नाम, अलोकप्रिय र असफल संसदीय व्यवस्थाको विकल्प खोजेका छन्' गजुरेल




● वसन्त बोगटी

भक्तपुर । 'प्रतिक्रियावादी सत्ताद्वारा आयोजित उपनिर्वाचन बहिष्कार गरौं ! नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढौ !!' भन्ने मुल उद्घोषका साथ नेकपा (क्रान्तिकारी माओवादी ) समर्थित संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रीक मोर्चा, नेपाल ३ नम्बर प्रदेशको आयोजनामा शुक्रबार भक्तपुरको दत्तात्रयमा उपनिर्वाचन बहिस्कार सभा भव्य रूपमा सम्पन्न भएको छ ।

मंसिर १४ गते भक्तपुर १(क)मा हुन लागेको उप( निर्वाचनलाई लक्षित गरि मोर्चाको निर्वाचन बहिष्कार सम्बन्धी धारणा सार्वजनिक गर्न उक्त बहिष्कार सभा आयोजना गरिएको हो ।

बहिष्कार सभालाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथी एवं देशभक्त जनगणतान्त्रीक बाँकी ६ पेजमा

# प्रहरी अवरोधका बाबजुद दाङको हापुरेमा उपनिर्वाचन बहिस्कारसभा भव्यरूपमा सम्पन्न



● रवि पाण्डेय

दाङ । 'कथित उपनिर्वाचन बहिस्कार गरौं जनवादी क्रान्तिको तयारी गरौ' भन्ने नाराका साथ नेकपा ( क्रान्तिकारी माओवादी ) र देशभक्त जनणतान्त्रिक मोर्चाले प्रदेश ५ अन्तरगत दाङको हापुरेमा बहिस्कार सभा भव्य रूपमा सम्पन्न गरेको छ । प्रहरी अवरोधका बाबजुद क्रान्तिकारी माओवादीले बहिस्कारसभा भव्य रूपमा सम्पन्न गरेको हो । क्रान्तिकारी माओवादीका नेताहरूले संसदीय ब्यवस्था बदनाम भएको बेला उपनिर्वाचनको औचित्य नभएको बताए । कार्यक्रममा बाँकी ६ पेजमा

# अतिक्रमित भूमि फिर्ता गराउन आग्रह गर्दै संयुक्त दलित संघर्ष समितिले बुझायो सरकारलाई ज्ञापन पत्र



● टेकबहादुर विक

काठमाण्डौ । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट नेपाल दलित मुक्ति मोर्चा लगायत संगठनहरू आबद्ध रहेको संयुक्त दलित संघर्ष समिति, नेपालले भारत सरकारले अतिक्रमण गरेको कालापानी, लिम्पियाधुरा, लिपुलेक लगायतका अतिक्रमित भूमि फिर्ता गराउन आग्रह गर्दै सरकारलाई ज्ञापन पत्र बुझाएको छ । हालै भारत सरकारद्वारा जारी गरेको नयाँ राजनीतिक नक्सामा नेपाली भूमि कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई समावेश गरी अतिक्रमणलाई वैधानिकता दिने कोशिस गरेको भन्दै भारत सरकारको उक्त कदमप्रति आपत्ति प्रकट गर्दै विभिन्न राजनीतिक दलसंग सम्बद्ध ९ दलित संगठनले शुक्रबार नेपाल सरकारका परराष्ट्रमन्त्री प्रदिप ज्ञवालीमार्फत् नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापन पत्रमा, 'भारतीय सरकारले संविधानको धारा ३७० खारेज गरे पछि भारतीय सिमालाई नयाँ ढंगले प्रदर्शन गर्ने उद्देश्यले जारि गरेको नयाँ नक्शामा पनि नेपालको ३७२ वर्ग किमि (कसैले ३८५ वर्ग किमि पनि लेखेका छन्) नेपालको भूभाग भारतले बाँकी ८ पेजमा

# भारतीय अतिक्रमण र संघर्षको ठोस योजनाबारे

***देशको सार्वभौमिकता र अखण्डता खतरामा परेको बेलामा जुन सुकै पार्टीमा संलग्न भएका, जुनसुकै पेशामा संलग्न भएका, हिमाल, पहाड, तराई मधेश जहाँ बसोबास गर्ने किन नहुन्, सबै नेपाली एकतावद्ध हुनु पर्दछ । त्यतीमात्र होइन, विदेशमा भएका नेपाली पनि यो अभियानमा एकतावद्ध हुनु पर्छ भन्ने हाम्रो चाहना छ***



● सीपी गजुरेल ●

हामी यतीखेर यस्तो स्थितिमा छौं, जुन बेला देशको अखण्डता र सार्वभौमिकता एउटा संगीन मोडमा पुगेको छ । भारत-चीन युद्धका बेला, सन् १९६२ मा भारतीय सेना नेपालको कालापानीमा शरण लिएर बसेको थियो । युद्ध समाप्त भैसकेपछि स्वतः नेपाली भूभाग छाडेर भारत फर्कनु पर्ने थियो । तर, उक्त विदेशी सेना नेपालमा अझ सुदृढ भएर बस्यो, ब्यारेक नै खडा गरेर । त्यसपछि त्यो सेना अहिले सम्म नेपाली भूमिमा खुलैयाम अझ ब्यारेकलाई सुदृढ बनाएर बसिरहेको छ । भारतले आफ्नो सेनाको बलमा पश्चिमको सिमानामा रहेको लिम्पियाधुरा र कालापानी भन्दा पनि पूर्वको लिपुलेक समेतलाई आफ्नो भूमि भएको दावी गरी नयाँ नक्शा तयार पारेको छ । करिब ३७२ वर्ग कि मि क्षेत्रफल ओगट्ने यो भूभागलाई भारतले अतिक्रमण गरेको छ ।

यस प्रकार, देशको सार्वभौमिकता र अखण्डता खतरामा परेको बेलामा जुन सुकै पार्टीमा संलग्न भएका, जुनसुकै पेशामा संलग्न भएका, हिमाल, पहाड, तराई मधेश जहाँ बसोबास गर्ने किन नहुन्, सबै नेपाली एकतावद्ध हुनु पर्दछ । त्यतीमात्र होइन, विदेशमा भएका नेपाली पनि यो अभियानमा एकतावद्ध हुनु पर्छ भन्ने हाम्रो चाहना छ । यतीखेर हामी सम्पूर्ण नेपालीका वीचको सुदृढ एकताका पक्षमा छौं । हाम्रो भूभाग बाँकी ७ पेजमा

## सम्पादकीय

# क्रान्तिकारी ध्रुवीकरणको आवश्यकता

वर्तमान दलाल संसदीय व्यवस्थाका विरुद्ध संघर्षरत राजनीतिक पार्टी तथा समूहहरूबीचको एकता र ध्रुवीकरण टड्कारो आवश्यकता बनिरहेकै छ। साम्राज्यवादी तथा तिनका घरेलु प्रतिक्रियावादी दलाल शक्तिहरूबीचको एकता र ध्रुवीकरण कसिलो बन्दै गर्दा त्यसको प्रतिध्रुवमा क्रियाशील शक्तिहरूको बीचको एकता र ध्रुवीकरणको आवश्यकता बढेर गएको छ। यही विश्लेषण र निष्कर्षका आधारमा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले संस्थागत रूपमा निर्णय गरेरै विचार, नीति र उद्देश्य मिल्ने पार्टीबीचमा एकता र ध्रुवीकरणको कोर्ष अगाडि बढाउन जिम्मेवार ढंगले लागिपर्‍यो। त्यसका निम्ति क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण' स्वयम्‌ले पनि पहलकदमी गर्नुभयो। तर अन्य पार्टी तथा समूहका नेतृत्वहरू त्यतिधेरै गम्भीर, संवेदनशील र जिम्मेबार देखिएनन्। फलतः आजपर्यन्त सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू बीच एकता, ध्रुवीकरणको त कुरा छाडौं संयुक्त मोर्चाको समेत अभ्यास हुन सकिरहेको छैन।

यहाँसम्म कि अहिले भारतीय विस्तारवादी अतिक्रमणका विरुद्ध सिंगो देश आन्दोलित हुँदा, स्वःस्फूर्त रूपमा दिनदिनै स्वाधीनताको पक्षमा आन्दोलन भइरहँदा पनि आफूलाई कम्युनिस्ट क्रान्तिकारी भन्नेहरूले संयुक्त कार्यक्रम दिन सकिरहेका छैनन्। क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा लगायतका पार्टीले संयुक्त आन्दोलनका प्रयास गरेपनि त्यसदिशातर्फ अन्य पार्टी तथा समूहहरूको रुचि देखिएको छैन।


क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेकपा (विप्लव), नेकपा (ऋषि कट्टेल), नेकपा (माके/किराती), वैज्ञानिक समाजवादी पार्टी (आहुती), नेकपा (माले/सिपी मैनाली) लगायतका पार्टी तथा समूहहरू जो अहिलेको सत्ता, सरकारमा प्रतिनिधित्व गर्दैनन्, हरू बीचमा पनि राष्ट्रिय स्वाधीनताको मुद्दामा पनि कार्यगत एकता हुन सकेको छैन। कुनै बेला कार्यगत एकतालाई पार्टी एकतासम्म पुर्‍याउने भन्दै कार्यगत एकता गरेका पार्टीहरूबीचमा पनि अहिले कार्यगत एकता अवरुद्ध बन्न पुगेको छ। मूलतः वैचारिक तथा राजनीतिक कारणहरूले गर्दा तथा ठोसरूपमा भन्नुपर्दा सम्बन्धित पक्षको मूल नेतृत्वपंक्तिमा विद्यमान केही सङ्कीर्णता, केही अहम् र दक्षिणपन्थतिरको सन्निकटकता जस्ता चिन्तन र प्रवृत्तिले गर्दा कार्यगत एकता अगाडि बढ्न नसकेको देखिन्छ। कुन परिस्थितिमा कसले कति जिम्मेवारपूर्ण ढंगले भूमिका निर्वाह गर्दछ भन्ने कुराले महत्वपूर्ण अर्थ राख्ने हुँदा अहिलेको स्थितिमा सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूले आफ्नो संकीर्णता, अहम्‌ता तथा दक्षिणपन्थी अवसरवादी सोच परित्याग गरी अन्य मुद्दाहरूमा नभएपनि अहिले ज्वलन्त रूपमा रहेको राष्ट्रिय स्वाधीनताको विषयमा एउटा वृहत् संयुक्त मोर्चा निर्माण गरी वृहत् आन्दोलनको आँधीबेहरी सृष्टि गर्न जरुरी छ। यस दिशामा सबैले सबैतिरबाट बेलैमा पहलकदमी बढाउन जरुरी छ। विचार, राजनीति, संगठन र संघर्षका हिसाबले क्रान्तिकारी माओवादी तथा देशभक्त जनगणतान्त्रिक मोर्चाको नेतृत्व र पहलकदमीमा यस्तो संयुक्त मोर्चाको निर्माण गर्न आवश्यक र सम्भव देखिएको छ।

क्रान्तिकारी माओवादीले त १) मार्क्सवाद-लेनिनवाद-माओवाद, २) नयाँ जनवाद, ३) बल प्रयोगको सिद्धान्त, ४) जनवादी केन्द्रीयता, ५) अन्तर्राष्ट्रिय र नेपाली कम्युनिस्ट आन्दोलन, ६) वर्तमान सत्ता, व्यवस्था र संविधानमा असहमत आदि मान्यताका आधारमा पार्टी एकता तथा ध्रुवीकरणका लागि खुल्ला रहेको सार्वजनिक गर्दै आएको छ र पार्टी एकता तथा ध्रुवीकरणको लागि अन्य पार्टीहरूलाई सार्वजनिक आव्हान समेत गर्दै आएको छ। यहाँसम्म कि मिलेका कुराबाट सुरु गरेर नमिलेका कुरा छलफल बहस गर्दै मिलाउँदै जाने विषयमा पनि क्रान्तिकारी माओवादीले आफूलाई खुल्ला रूपमा प्रस्तुत गर्दै आएको छ।

यस पृष्ठभूमिमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी क्रान्तिको प्रक्रियामा अगाडि बढ्ने संकल्पबद्ध कम्युनिस्ट क्रान्तिकारी शक्तिहरू कम्युनिस्ट क्रान्तिकारीहरूको एउटा शक्तिशाली केन्द्र निर्माणमा जुट्नुपर्ने अहिलेको समयको सबैभन्दा ठूलो माग हो। यो ऐतिहासिक भूमिका निर्वाह गर्न तत्तत् पार्टीका सच्चा कम्युनिस्ट क्रान्तिकारी नेता कार्यकर्ताहरूले पहलदमी बढाउनुपर्ने देखिएको छ। यसरी मात्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सर्वहारा क्रान्तिका अगाडि खडा चुनौतीको सामना गर्न सकिनेछ। र, साँचो अर्थमा यो धारा नै वर्तमान दलाल संसदीय व्यवस्था, सत्ता र संविधानको सही र वास्तविक विकल्प हुनेछ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# यसकारण भारतले नेपाललाई हेप्दै आएको छ


● हस्तबहादुर केसी ●

*भारतीय विस्तारवादी शासकहरूले पहिलेदेखि चासो राख्दै आएको नेपाललाई भारतीय सुरक्षा छाताभित्र राख्ने योजना सफल भइरहेको थिएन तर यसपटक वर्तमान भारतीय शासकहरू नेपालका प्रधानमन्त्री दाहालद्वारा २५ बुँदे राष्ट्रघाती सम्झौतामार्फत नेपाललाई भारतको सुरक्षा छाताभित्र राख्ने सहमतिपत्रमा हस्ताक्षर गराउन सफल भएको छ। यस कारणले पनि प्रचण्ड विगतका सबै राष्ट्रघाती शासकहरूमध्ये नम्बर १ राष्ट्रघाती शासकका रूपमा दर्ज हुन पुगेका छन्। यस परिघटनाले नेपाल विगतभन्दा झन् आज राष्ट्रिय स्वाधीनताको धरापमा पर्न पुगेको छ*

किन हेप्छ भारतले नेपाललाई ? यो ज्यादै महत्वपूर्ण प्रश्न हो। नेपाल एउटा स्वतन्त्र र सार्वभौम सम्पन्न देश हो भनिएको छ। तर भारतले नेपाललाई बारम्बार हेप्दै आएको छ। थिचोमिचो गर्दै आएको छ। सिमानामा भारतले करीब ७२ स्थानमा नेपाली भूमि अतिक्रमण गरेको छ। भनिन्छ करिब ६० हजार हेक्टर नेपालको जमीन भारतले हड्पेको छ। कालापानी क्षेत्रको ३ सय ७२वर्ग कि.मी. भूभाग आफ्नो राजनीतिक नक्सामा भारतले राखिसकेको छ।

कोसी, गण्डकी, महाकाली नदीमा असमान र अपमानजनक सन्धी सम्झौता गरेको छ। सुस्ता, खुर्दलोटन, पहलीपार, लक्ष्मणपुर गरि दर्जनौं नदी नालाहरूमा भारतले एकतर्फी रूपमा बाध बाधेको छ र वर्षेनी वर्षायाम दुवानमा पर्दै आएको छ भने हिउदमा नेपाली भूमि सुख्खा हुदै आएको छ।

कहिले आर्थिक नाकाबन्दी गर्दछ भारतले, कहिले के के निहु खोजेर नेपालीहरूलाई अपठ्यारा पार्दै आएको छ। किन यस्तो गर्दछ एउटा स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न भनिएको नेपाललाई भारतले। यो एउटा गंभीर महत्वको प्रश्न हो।

यसको एकमात्र सही उत्तर छ, त्यो हो प्रथम राणा प्रधानमन्त्री जंग बहादुर राणा देखि हालसम्मका नेपालका शासकहरू बृटिश भारत र स्वतन्त्र भारतको टाङमुनी छिरेर लम्पसार पर्दै आत्मसमर्पण गर्दै आएका कारण भारतले नेपाललाई हेप्दै आएको छ। भारत शासकहरूले नेपाल र नेपाली जनतालाई हेप्दै आएको छ।

विक्रम संवत १९०३ साल अर्थात सन् १८४६ सेप्टेम्बर १४ तारिखको कोतपर्वबाट जंग बहादुर राणा वृटिशभारतको डिजाइन र आसिरवादले नेपालको प्रधानमन्त्री भएका थिए। त्यस यता यो १७१ वर्षको अन्तरालसम्म नेपालका शासकहरू खास गरि प्रधानमन्त्री भारती शासकहरूको आशीर्वाद र सहयोगले प्रधानमन्त्री र नेपालका शासक बन्दै आएका कारण उनीहरूले भारतीय शासक वर्गको सेवा चाकरी गर्दै आएका छन्।

भारतले आजीवन प्रधानमन्त्री बनाई दिने, नेपालको शासक बनाई दिने लोभ, प्रलोभन देखाएर सत्तामा पुर्‍याउने र टिकाई दिने झुठो प्रलोभन भारतले त्यसो गरेर वापत नेपालका शासकहरूले नेपालका नदी नालाहरू भारतलाई सुम्पदै आएका छन्। यसको सम्पूर्ण फेहरिस्त तल उल्लेख गरिने छ। कुन शासकले कुन समयमा कुन कुन नदीनाला भारतलाई बेचे भन्ने प्रमाण तल दिइने छ।

अतः किन हेप्छ भारतले नेपाललाई भन्ने प्रश्नको सटिक उत्तर के हो भने हालसम्मका शासकहरू भारतीय शासक वर्गका दास, नोकर, चाकर, वफादार सिपाही, नालायक, निकम्मा, देशवेचुवा, पानी वेचुवा भएकै कारण भारतले नेपाललाई हेप्दै आएको तथ्यलाई कसैले पनि भुल्नु हुँदैन।

**सत्तामा पुग्न यसरी सुरु भयो दलाली र चाकरी प्रथा**

सत्तामा पुग्न र टिकिरहन निम्ति वैदेशिक शक्तिको सामु चाकडी र दलाली गर्ने प्रथाको सुरुआत प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाले गरेका हुन्। सन् १८४६ सेप्टेम्बर १४ तारिखका दिन घटाइएको कोत हत्याकाण्डबाट शक्तिमा पुगेका जंगबहादुरले जग हालेको राणा शासन बृटिस भारतको दलाली र चाकरीको भरमा नेपालमा १०४ वर्षसम्म टिकेको थियो। ब्रिटिस भारतको आशीर्वादले सत्तामा पुगेका प्रथम राणा प्रधानमन्त्री जंगबहादुरले बेलायतको सहयोगस्वरूप सन् १८५७ को सैनिक विद्रोह दबाउन गोर्खाली सेना भारतको लगनऊ पठाएर गुण लगाएका थिए। त्यसकै निरन्तरतामा अन्य राणा शासकहरूले पनि शासन टिकाइराख्न र सत्तामा बसिराख्ने उद्देश्यले सन् १९१४-१९१८ सम्म चलेको पहिलो विश्वयुद्धमा नेपालबाट अङ्ग्रेजको सहयोगका लागि ठूलो संख्यामा गोर्खाली सेना पठाइएको थियो। त्यस्तै ब्रिटिस साम्राज्यवादलाई खुसी तुल्याइराख्न राणा शासकहरूले सन् १९४७ मा इस्टइन्डिया कम्पनी सरकारसँग 'गोर्खा भर्ती केन्द्र' सम्झौता गरेका थिए।

त्यति मात्र होइन, नेपालका राणा शासनका विरुद्ध चर्को विरोध भइरहेकै अवस्थामा राणा शासन टिकाइराख्ने उद्देश्यले बेलायत साम्रज्यवादबाट भारत स्वतन्त्र भइसकेपछि राणा शासनका अन्तिम प्रधानमन्त्री मोहन शमशेर जबराले वि.सं. २००७ साल श्रावण १६ गते (सन् १९५० जुलाई ३१) भारत सरकारसितको असमान तथा अपमानजनक राष्ट्रघाती सन्धि सम्पन्न गरेका थिए। त्यसपश्चात नेपाल झन् भारतको पराधीन मुलुकको रूपमा परिणत भयो।

यस अतिरिक्त २००७ सालको जनआन्दोलनलाई राष्ट्रघाती त्रिपक्षीय 'दिल्ली सम्झौता' द्वारा भारतीय विस्तारवादले टुङ्ग्याएर राजा त्रिभुवनलाई पुनः सत्तासीन तुल्याइदिएवापत त्रिभुवनले भारतका तत्कालीन उत्तर प्रदेशका गृह सचिव गोविन्द नारायण सिंहलाई आफ्नो निजी सचिव बनाइ राखिदिएका थिए।

प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणादेखि अन्तिम राणा प्रधानमन्त्री मोहन शम्शेर जबरासम्मका राणा शासकहरू बृटिस भारतको आडभरोसा र आशीर्वादले टिकेका थिए।

२००७ सालदेखि अहिलेसम्म राज्यशक्तिको दुरूपयोग गर्दै कुनकुन दलाल शासकहरूले कस्तो र कुन स्तरको राष्ट्रघात गरे। त्यसको संक्षिप्त यहाँ प्रकाश पार्ने कोसिस गरिएको छ :

२००७ सालको राजनीतिक परिवर्तनपछिका प्रथम प्रधानमन्त्री मातृकाप्रसाद कोइरालादेखि हालका प्रधानमन्त्री दाहालसम्मका नेपालका प्रधानमन्त्रीहरूले सत्तामा पुग्न र सत्तामा टिकिरहनका निम्ति भारतीय विस्तारवादी शासकहरूको दलाली चाकरी र च्याप्लुसी गर्दै आएका छन्। भारतीय शासकहरूले सत्तामा पुर्‍याइदिएका र उनकै आशीर्वादले सत्तामा टिकिरहने आशाले मातृकाप्रसाद कोइरालादेखि प्रधानमन्त्री दाहालसम्मले भारतलाई नजरानास्वरूप नेपालका नदीनाला भारतलाई सुम्पिदै र राष्ट्रघातका शृङ्खलाहरू बढाउँदै आएका छन्। त्यसको संक्षिप्तमा यहाँ प्रकाश पार्ने कोसिस गरिएको छ :

भारतीय शासक वर्गले नेपालका शासकहरू जुन जुन बेला अप्ठ्यारोमा परेका हुन्छन्, उनीहरूलाई आफूले खाईपाई आएको सत्ता टिकाउन गाह्रो परिरहेको हुन्छ र मुलुकमा राजनीतिक अस्थिरता पैदा भएको हुन्छ। त्यही मौका छोपेर सत्ता टिकाई दिने र अन्य प्रलोभनहरू देखाएर असमान सन्धि सम्झौता गर्न र नेपालका नदीनालालाई आफ्नो पोल्टामा पार्दै आएको छ। दाहालले विगतमा गरेको २५ बुँदे सम्झौता पनि यसको नयाँ शृङ्खला र कडीको रूपमा लिन सकिन्छ। यस सिलसिलामा राणा, राजा, कांग्रेस, एमाले हुँदै माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड समेत भारतले देखाउन गरेको उक्त लोभ र प्रलोभनमा पार्दै आएको प्रस्टै छ।

**प्रम मातृकाप्रसाद कोइराला**

भारतीय विस्तारवादी शासकहरूले सत्तामा पुर्‍याएवापत गुण तिर्ने उद्देश्यले २००८ सालतिर तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको कार्यकालमा नेपालस्थित भारतीय राजदूतलाई केबिनेटको बैठकमा अनिवार्यरूपमा उपस्थित हुने र सरकारका सबै निर्णयहरू उनीमार्फत भारत सरकारलाई रिपोटिङ्ग गर्ने व्यवस्था गरिएको थियो। मातृकाप्रसाद कोइरालाकै कार्यकालमा अर्थात २००८ सालतिर भारतीय सेनाको एउटा ब्यारेकलाई ललितपुरको जाउलाखेलमा राख्ने व्यवस्था गरिएको थियो।

मातृकाप्रसाद कोइरालाकै कार्यकालमा २०१० सालमा भारतीय सेना बोलाएर पश्चिम नेपालको दार्चुलामा देशभक्त राष्ट्रवादी किसान नेता भीमदत्त पन्तको निर्ममतापूर्वक हत्या गराइएको थियो। यस अतिरिक्त नेपालको उत्तरी सिमानामा भारतीय सेनाको चौकी स्थापना उनकै पालामा भएको थियो। डा. केआई सिंहको राष्ट्रवादी विद्रोहमाथि दमन गराउन उनले नै भारतीय सेनालाई नेपाल भित्र्याएका थिए।

२०११ साल वैशाख १२ गते (२५ अप्रिल सन् १९५४) का दिन प्रधानमन्त्रीको हैसियतले भारतसँग राष्ट्रघाती कोशी सम्झौता गरेका थिए। उनले नेपालमा हिन्दी भाषालाई राष्ट्रभाषा बनाउने प्रयत्न गरे पनि असफल भएको थियो।

**प्रम बीपी कोइराला**

भारतलाई मात्र लाभ पुग्नेगरी २०१६ साल मंसिर १९ गते (४ डिसेम्बर १९५९) असमान तथा राष्ट्रघाती एवम् जनघाती गण्डक सम्झौता गरे। उनले गण्डक जलाधार क्षेत्रमा नेपालले कुनै नदी स्थानान्तरण परियोजना निर्माण गर्दा भारतसँग अर्को सहमति गर्नुपर्नेजस्ता राष्ट्रघाती प्रावधानसहितको गण्डक सम्झौता गरेका थिए।

**प्रम गिरिजाप्रसाद कोइराला**

भारतले नेपालको भूमि मिचेर महाकाली नदीमा गैरकानूनी रूपमा टनकपुर बाँध निर्माण गरेको कार्यलाई प्रमको हैसियतमा भारत भ्रमणमा जाँदा उनले वैधता प्रदान गर्न भारतसँग गोप्य सम्झौता गरे। सो मुद्दा सर्वोच्चमा पुगेपछि अदालतले टनकपुर सहमति नभई सम्झौता नै भएको फैसला दियो। त्यसरी कोइरालाले टनकपुर सन्धि गरेर जनताको सूचनाको हकसमेत खोसेका थिए। २०६२/०६३ को जनआन्दोलनपछि प्रम बनेका समयमा नेपालको हित विपरीत भारतीय निजी कम्पनी 'जीएमआर' लाई माथिल्लो कर्णाली र भारतीय सरकारी कम्पनी सतलज जलविद्युत निगमलाई अरूण तेस्रो आयोजना बुझाएका थिए।

**प्रम कृष्णप्रसाद भट्टराई**

२०४६ सालको आन्दोलनलगत्तै भारत भ्रमणमा गएका थिए। सोक्रममा १० जून १९९० मा जारी गरिएको संयुक्त वक्तव्यमा 'नेपालका सबै नदी नेपाल र भारतका साझा नदी भएको' सहमतिपत्र जारी गरियो। त्यही वक्तव्यको जगमा टेकेर त्यसपछि भारतले नेपालका नदीमा हस्तक्षेप बढाउँदै लगेको हो।

**प्रम शेरबहादुर देउवा**

नेपालको हित विपरीत भारतीय स्वार्थअनुसार राष्ट्रघाती महाकाली सन्धि उनको प्रधानमन्त्रीकालमा बनेको हो। कर्णाली-चिसापानी परियोजना १०८०० मेगावाट अमेरिकी बदनाम कम्पनी एनरोन (हाल टाट पल्टिसकेको) लाई बुझाउन विशेष भूमिका खेलेका थिए।

**प्रम डा. बाबुराम भट्टराई**

उनले प्रधानमन्त्री हुँदा राष्ट्रघाती बिप्पा सम्झौता गरे। भारतीय कम्पनी 'आईएल एन्ड एफएस' लाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित देशभरिका विमानस्थल बुझाउने प्रयत्न गरेका थिए। नेपाल सरकार र जनताको पहुँच भएका मन्त्रालय र संस्थाहरूको अधिकार र कार्यक्षेत्र कटौती गर्दै भारतको इशारामा लगानी बोर्ड स्थापना गरे। विश्व बैङ्क, बेलायती डिएफआइडी र भारतीय योजनामा गठित लगानी बोर्डलाई देशभरिका ५०० मेगावाटभन्दा ठूला जलविद्युत परियोजना र मेगा परियोजना जिम्मा दिने भयानक राष्ट्रघात गरे। माथिल्लो कर्णालीमा 'जीएमआर' लाई निःशुल्क वनक्षेत्र उपलब्ध गराए। पछिल्लोपटक माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दी, अरूण तेस्रो र विद्युत व्यापार सम्झौतामा समर्थन जनाउँदै राष्ट्रघातमा सबैलाई उछिन्ने कोसिस गरे।

**प्रम सुशील कोइराला**

भारतको हितअनुकूल राष्ट्रिघाती माथिल्लो कर्णाली, अरूण ३ र पीडीए र पीटीए सम्झौता गरेर नदी बेच्ने चौथो नम्बरको राष्ट्रघाती प्रधानमन्त्रीका नाममा कोइरालाको दर्ज हुन पुग्यो। इतिहासमा माथिल्लो कर्णाली सम्झौतालाई जलस्रोतमा अहिलेसम्म अन्तिम राष्ट्रघात भन्ने गरिन्छ।

**प्रम माधवकुमार नेपाल**

महाकाली सन्धि गराउन भारतले एमाले पार्टीलाई व्यापक दबाब दिएको थियो तर महासचिव मदन भण्डारी त्यसका लागि तयार भएनन्। मदन भण्डारीको हत्यापछि एमाले पार्टीका अरू नेताहरूलाई आत्मसमर्पण गराएर राष्ट्रघाती महाकाली सन्धिमा हस्ताक्षर गराइयो। भारतीय हितमा रहेको महाकाली सन्धि संसद्‌बाट दुई तिहाइ मतले पारित गराउन प्रमुख प्रतिपक्षी दलका नेताका हैसियतले सत्तापक्ष (नेपाली कांग्रेस) सँग मिलेर विशेष भूमिका निर्वाह गर्ने कार्य माधवकुमार नेपालले गरे। भारतीय हितमा हस्ताक्षर भएको महाकाली सन्धि संसद्‌बाट पारित गराउन मुख्य भूमिका केपी ओलीको थियो। महाकाली सन्धि लागू भएको दोस्रो दिनदेखि नै महाकाली सन्धिबाट नेपाललाई वार्षिक १ खर्ब २१ अर्ब आम्दानी हुने भन्दै ओलीले भ्रम सिर्जना गरेका थिए।

**प्रम पुष्पकमल दाहाल 'प्रचण्ड'**

२०६५ सालमा प्रधानमन्त्रीको हैसियतले भारत भ्रमणमा गएका बखत मेगा परियोजनामा भारतसँग सहमति जनाउँदै नेपालको हितविपरीत राष्ट्रघात हुनेगरी बहुउद्देश्य रहेको नौमुरे परियोजनालाई भारतीय डिजाइनअनुसार जलविद्युत परियोजनाका नाममा भारतलाई बाढी नियन्त्रण र सिञ्चाइको लाभ भारतलाई नै पुग्ने गरी बुझाउने कार्य उनले गरेका थिए। त्यसपछि पनि पञ्चेश्वर परियोजना र कर्णाली चिसापानी भारतलाई दिन सकिने भन्दै भारतीय दैनिक अखबारका 'द हिन्दू' मा अन्तर्वार्तामार्फत भारतको चाकरी गरेका थिए। भारतीय सरकारी कम्पनी सतलज र निजी कम्पनी 'जीएमआर' लाई अरूण ३, माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दी बुझाउन उनले सहमति प्रदान गरे।

नेपाली कांग्रेसको मुख्य सहयोगमा भारतीय विस्तारवादको योजना, निर्देशनबमोजिम प्रधानमन्त्री बन्न सहयोग प्राप्त गरेवापत पुनः *बाँकी ६ पेजमा*

# एकले अर्कोबाट सिक्ने र आत्म-सन्तुष्टि तथा अहँकारलाई हटाउनेबारे



● अनुवादक : कृष्णदास श्रेष्ठ ●

*आत्म-हीनताभाव र आत्म-विज्ञापन वा आफू ठूलोको भावना मनोगतवादमा आधारित छन् र ती गलत छन् । तिनले आफ्नो दुइटा अति र गलत मनोगत मूल्यांकनलाई प्रतिनिधित्व गर्छन् । घमण्डी मानिसले आफूलाई यथार्थताबाट अलग्याउँछ र आफ्नो बढाइचढाइँ मूल्यांकन गर्छ, आफ्नो वास्तविक सामर्थ्य र भूमिकालाई बढाइचढाई प्रस्तुत गर्छ । उसले आफूलाई साधारणभन्दा माथि, श्रेष्ठ ठान्छ, र त्यसैले प्रगति गर्न वा नयाँ कुराहरू सिक्न बन्द गर्छ । अनिवार्य श्रमबाट, उसले गल्ती गर्नैपर्छ । आत्म-हीनताबोध गर्ने मानिस यसो हेर्दा घमण्डीको उल्टो देखिन्छ, तर ऊ पनि त्यस्तै अयथार्थवादी छ । उसले आफ्नो अवमूल्यन गर्छ, आफूलाई आफ्नो काममा सुधार्न र अनुशासित पार्न सकिन्छ भन्ने कुरा बिर्सन्छ र क्रान्तिमा आफूले खेलेको र पछि खेल्ने भूमिकालाई तुच्छ्याउँछ । फलस्वरूप, उसले प्रगति गर्ने कुरामा आफ्नो साहस र विश्वासलाई गुमाउँछ र आफ्नो लडाकू भावनालाई कमजोर बनाउँछ*

आत्म-सन्तुष्ट अहँकारी हुनु र मार्क्सवादी द्वन्द्वात्मक-विश्लेषणात्मक तरिका, अर्थात् एकको दुईमा विभाजनको तरिका (उपलब्धि र कमजोरी दुवै) लाई लागू गर्न इन्कार गर्नु; कमी र गल्तीहरूको अध्ययन नगरी उपलब्धिको मात्र अध्ययन गर्दै आफ्नै क्षेत्रमा काम गर्नु; चाप्लुसीलाई मन पराउनु तर आलोचना गरेको मन नपराउनु; अन्य प्रान्त, सहर, प्रदेश वा विभागको कामबाट सिक्दै र त्यसको अनुसन्धान गर्दै, परिणामलाई आफ्नो परिस्थितिसित गाँसेर आफ्नो प्रान्त, सहर, प्रदेश वा विभागको कामलाई सुधार्नका लागि योग्य, उच्च तथा मध्यम कार्यकर्ताहरूको संगठन गर्ने काममा रुचि नराख्नु, आँखा चिम्लेर अहँकारी बन्नु, अर्थात् आफूलाई आफ्नै जिल्लामा, आफ्नो विभागको सानो संसारमा सीमित राख्नु; आफ्नो कार्यक्षेत्रको विस्तार गर्न नसक्नु; अन्य क्षेत्रको कामप्रति अनभिज्ञ रहनु; विदेशीहरू, अन्य ठाउँतिर आएकाहरू र केन्द्रबाट पठाइएका मानिसहरूलाई उपलब्धि मात्र देखाउनु र त्यसबारे कुरा गर्नु । तर आफ्नो कार्यक्षेत्रमा रहेका कमजोरीलाई नदेखाउनु र त्यसबारे कुरा नगर्नु, सतही र लटपट ढंगबाट मात्र कुरा गर्नु (यी हाम्रा सबै कमरेडहरूमा रहेका दोष हुन्) । केन्द्रले हाम्रा कमरेडहरूसमक्ष यस समस्यालाई अनेकौं पटक उठाएको छ । कम्युनिष्टहरूले एकले दुईमा विभाजन गर्ने मार्क्सवादी द्वन्द्वात्मक तरिका प्रयोग गर्नुपर्छ । उपलब्धि र कमजोरी, सत्य र गल्ती । सारा (आर्थिक, राजनीतिक, विचारधारात्मक, साँस्कृतिक, सैनिक, पार्टी आदि) कुरा सदा विकासको प्रक्रियामा रहन्छन् । यो एकजना मार्क्सवादीका लागि साधारण ज्ञानको कुरा हो । तर केन्द्र र प्रदेशहरूका हाम्रा धेरैजना कमरेडहरू सोच्ने र काम गर्ने यस तरिकालाई प्रयोग गर्दैनन् । तिनीहरूको मनमा गहिरोसित गाडिएको एउटा नियमनिष्ठ तर्क छ । सो नियमनिष्ठ तर्कले चीजहरूका विरोधी पक्षहरूको एकीकरणलाई, विरोधी पक्षहरूको अन्तर्विरोधलाई ("एकको दुईमा विभाजनलाई") र खास परिस्थितिअन्तर्गत विरोधी पक्षहरू एक अर्कोमा रूपान्तरित हुने कुरालाई इन्कार गर्छ । तसर्थ, ती कमरेडहरू आत्मसन्तुष्ट, अहँकारी, उपलब्धि मात्र देख्ने, कमजोरी नदेख्ने, अनुकूल कुरा मात्र सुन्नसक्ने तर आलोचना सुन्न नसक्ने, आफ्नै आलोचना गर्न ("दुईमा विभाजन गर्न") नचाहने, अरु मानिसहरूले गर्ने आलोचनादेखि डराउने बन्छन् । "अहँकारले हानी गर्छ तर विनम्रता फाइदाजनक छ" भन्ने पुरानो कथन अझसम्म सर्वहारावर्गको दृष्टिकोणबाट र जनताको हितको दृष्टिबाट सही रहेको छ ।

१. अहँकार सबै परिस्थितिमा र सबै रूपहरूमा बढ्ने गर्छ । सामान्य सफलता र विजयसँगै यसको बढ्ने संभावना रहन्छ । त्यसको कारण के हो भने आपत्तिजनक परिस्थितिअन्तर्गत मानिसले आफ्ना कमजोरीलाई सजिलैसित देख्न सक्छ र ऊ तुलनात्मक रूपले बढी होसियार रहन्छ । अप्ठ्याराहरूको दबाबमा पर्दा अपनाउनुपर्ने एकमात्र दृष्टिकोण भनेको विनम्रता र होसियारी हुन् । तर सफलतासंगै अरुहरूको कृतज्ञता प्राप्त हुन्छ । एकसमयका शत्रुहरू समेत ऊतिर फर्केर उसको सामर्थ्यप्रति सम्मान गर्न सक्छन् । तसर्थ, सफलतापछिको अनुकूल परिस्थितिमा मानिसले सजिलैसित बुद्धि गुमाएर बडो चिन्तामुक्त अनुभव गर्न सक्छ । "ल अबदेखि समाजमा शान्ति छाउनेछ" भन्ने उसको विश्वास हुन्छ । हामी कुन कुराप्रति पूर्णरूपले सचेत छौ भने विजय र सफलताको वेलामा पार्टी अहँकारको जीवाणुको हमलाको बडी खतरामा रहन्छ ।

२. विजयको स्थितिमा अहँकार बढ्छ, अर्थात् गमक्क फुल्ने र मपाईंपनको अहँकार बढ्छ, । यो एक खालको अहँकार हो । अर्को खालको अहँकार छ, जुन कुनै उल्लेखयोग्य विजय वा कुनै अपमानजनक हार नहुँदा जब मानिसहरू "श्रेयस्कर जतिको राम्रो त होइन, तर खराबभन्दा राम्रो छ" र बीस वर्षसम्म बुहारी भएर गरेको सेवाले तिनलाई आफसेआफ सासु बनाउँछ, जस्ता विचारहरूबाट मदहोशी रहन्छन् ।

तेस्रो खालको अहँकार छ, जुन पिछडिएको परिस्थितिमा हुर्कन्छ । कोही मानिसहरू पछ्यौटे रहेकोमा गर्व गर्छन्, किनभने तिनीहरू यस्तो सोच्छन् : "हाम्रो काम त्यति राम्रो त होइन, तर पहिलेको भन्दा राम्रो छ" अथवा फलानाहरू पनि खराब छन् । जव उनीहरू आफ्नो इतिहासको प्रदर्शन गर्न चाहन्छन्, उनीहरू छिटोसित अरु सबै कुरालाई छाड्छन् । उनीहरूको अनुहार उज्यालो हुन्छ, र उनीहरू यसरी सुरु गर्छन् : "कुनै समयमा " ।

३. हामी तव अहँकारी बन्छौ, जब हामी आम जनताको तागतलाई उपेक्षा गर्छौ, जब हाम्रो मनोगत समझदारी वस्तुगत यथार्थतामा विकास पछि पर्छ, जब हामी आफ्नो उपलब्धिको भन्दा बढाइचढाई मूल्यांकन गर्छौं ।

४. सारभूत रूपमा, अहँकार भनेको व्यक्तिवादबाट उत्पन्न हुन्छ र त्यसले व्याक्तिवादको अभिवृद्धिलाई हुर्काउछ । त्यो व्यक्तिवादी छ ।

५. वर्ग-विश्लेषणात्मक दृष्टिकोणबाट भन्ने हो भने, अहँकार सर्वप्रथम शोषकवर्गको विचारधारावाट र अनि उत्पादकहरूको विचारधाराबाट उत्पन्न हुन्छ ।

६. मजदुरको रूपमा, साना उत्पादकहरूका धेरै राम्रा गुणहरू छन् । तिनीहरू मेहनती, मितव्ययी, दुखकष्टदेखि नडराउने, होशियार र यथार्थवादी छन् । तर साना मालिकको रूपमा, उनीहरू व्यक्तिवादी छन् । र अझ वढी महत्वको कुरो त के भने, तिनीहरू आफ्नो काम गर्ने अवस्था तथा तरिका र आफूँद्धारा गरिने पुराना उत्पादन साधनहरूको प्रयोगद्वारा सीमित रहेका हुन्छन् । तिनीहरू छरिएका, संकीर्ण-मनधारी, असुचित हुन्छन् । तिनीहरू अक्सर गरेर सामूहिक तागतप्रति अनभिज्ञ छन् । तिनीहरू व्यक्तिको तागत मात्र देख्छन् । अझ अर्को कुरा, तिनीहरू सजिलैसित सन्तुष्ट रहन्छन् । एउटा सानो उपलब्धिले तिनीहरूलाई यस्तो सोच्न लगाउन सक्छ : "त्यो बिलकुल खराव होईन" "त्यो अत्युत्तम छ" आहा, हामी अलि रमाऔ, र "श्रेयकरभन्दा राम्रो होइन तर खराबभन्दा राम्रो छ"

७. अहँकार पुँजीवादी, आदर्शवादी विश्व-धारणामाथि आधारित छ । त्यसले मानिसहरूलाई यथार्थताको विकासका विरुद्ध यथार्थतसित व्यवहार गर्न बाटोतर्फ र आखिरमा गएर असफलतातर्फ लैजान सक्छ । भौतिकवादी-ऐतिहासिक धाराणाले के बताउँछ भने सामाजिक विकासको इतिहास ठूलाबडाहरूको इतिहास होइन, बरु श्रमीक जनसाधारणको इतिहास हो । तर पनि अहँकारी मानिसहरू व्यक्तिको भुमिकाको बढाइचढाई मुल्यांकन गर्छन्, (अनुचित) जस लिन्छन् र आफ्नो घमण्ड गर्छन् । उनीहरू आम जनताको तागतको कम मुल्यांकन गर्छन् वा पुरै बेवास्ता गर्छन् ।

८. तसर्थ, अहँकार मार्क्सवाद-लेनिनवाद विरोधी छ, हाम्रो पार्टीको द्वन्द्वात्मक तथा ऐतिहासिक विश्व-धारणाको विरोधी छ ।

९. अहँकारी मानिसहरू आफ्ना गुणलाई विर्सन सक्दैनन् । तिनीहरू आफ्ना कमी-कमजोरीलाई लुकाउछन् र अन्य मानिसहरूको सबल पक्षलाई बेवास्ता गर्छन् । उनीहरू धेरैजसो आफ्ना गुणलाई अरु मानिसहरूका दुर्गुणसित दाँज्छन् र यसरी संतोष लिने गर्छन् । अरुहरूको सबल पक्ष देख्दा तिनीहरू भन्छन् । "त्यति धेरै होइन", वा "त्यो प्रशंसा गर्न लायकको कुनै कुरा होइन"।

१०. वास्तवमा, मानिसले जति बढी आफ्नो बढाईचढाई गरी मुल्यांकन गर्छ, परिणाम त्यतिकै बढी खराब रहन्छ । महान रुसी लेखक लिओ टाल्सटायले त्यसलाई ठट्यौलो पाराले यसरी प्रस्तुत गरे : "मानिस भनेको एउटा गणितीय अंश (ँचबअतष्यल) जस्तै हो, जसले वास्तविक प्रतिभालाई एउटा भिन्नमा माथिको संख्यासित र त्यसको उसको आफ्नै मुल्यांकनलाई भिन्नमा तलको संख्यासित हर) तुलना गर्न सकिन्छ । तलको संख्या जति ठूलो हुन्छ ,त्यो भिन्न त्यतिकै बढी सानो हुन्छ" ।

११. विनम्रता प्रत्येक क्रान्तिकारीको लागि चाहिने एउटा गुण हो । त्यसले जनताको लक्ष्यलाई फाइदा पुर्‍याउँछ, तर अहँकारले जनताको लक्ष्यलाई पराजित पार्छ तसर्थ, विनम्रता भनेको जनताको लक्ष्यप्रति उसको जिम्मेरीको एउटा अभिव्यक्ति हो ।

१२. क्रान्तिकारीले नाम अनुसार र व्यवहारमा यी काम गर्न सक्नुपर्छ । पहिलो, जनसाधारणको सिर्जनात्मकताको कदर गर्नु, तिनीहरूको बिचारलाई ध्यान दिएर सुन्नु, र आफूलाई जनताको एकजना व्यक्ति ठान्नु । उसमा स्वार्थीपनको एउटा कण पनि हुँनुहुदैन वा आफ्नो भुमिकाको बढाइचढाई मुल्याकन गर्नुहुँदैन र जनताको लागि इमान्दारीपूर्वक काम गर्नुपर्छ । "आफ्नो टाउको निहुराएर, म नैाजवानहरूको गोरुजस्तै स्वेच्छाले सेवा गर्छु" भन्ने लु शुनको भनाइमा व्यक्त भावना यही हो । यो विनम्रता हो ।

१३. दास्रो उसमा एउटा कर्मठ प्रगतिशील भावना हुनुपर्छ र उनी हरदम सतर्क र स्पष्ट विचारको हुनुपर्छ । उसको नयाँ चीजहरूको अवलोकन गर्नु र त्यसवारे राम्ररी सोच्नुपर्छ । तसर्थ, उसमा विनम्रता हुनुपर्छ, जसले गर्दा उसले आफूमा नभएका गुणवाट आफूलाई परिचित गराउदैन, म त ऊ आफ्नो उपलब्धिबाट सन्तुष्ट भएर रहन्छ । यो एउटा यथार्थवादी दृष्टिकोण हो, विनम्रताको उद्दत गुण हो ।

१४. यदि मानिसले काम, जीवन र वास्तविक संघर्षबाट गंभीरताका साथ सिक्न सक्छ भने, यदि उसले आफ्ना कमी-कमजोरी, त्रुटि र गल्तीहरूलाई पत्तालाउने प्रयत्नमा आफ्नो विचार र कार्यको नियमित रूपले निचोड निकाल्न सक्छ भने, यदि उसले आफ्नो अहँकार र आत्मसंतुष्टिको विरुद्ध निर्मम र दृढरूपमा लड्न र संकोच नगरिकन तिनलाई हटाउन सक्छ भने उसले आफूलाई विनम्र मानिसको रूपमा प्रशिक्षित पार्ने कुरा निरपेक्ष रूपले उसको शक्तिभित्र रहेको हुन्छ ।

१५. एक साच्चिकै विनम्र मानिस त्यस्तो मानिस पनि हो, जसले उत्साहपूर्वक निसर्त रूपमा, इमानदारीपूर्वक र सक्रियताका साथ पारौ, जनता र सामूहिकको लक्ष्यको काम गर्छ । उसले रवाफ देखाउनको लागि वा पुरस्कार र कीर्तिका लागि, कुनै स्वार्थी इच्छाको लागि काम गर्दैन । बरु जनता सुख र स्वार्थका लागि दिलोज्यानले काम गर्छ । तसर्थ आफ्नो प्रतिष्ठा मान मर्यादा, ख्याती वा तलवप्रति विचार नदिइकन, उ हरदम पार्टी र जनता फाइदाका लागि कडा परिश्रममा डुवेका रहन्छ । उसले अन्य अन्य मानिसहरू सामु आफ्नो उपलब्धिलाई लिएर गर्व गर्दैन, उसले यस्तो विचार मनमा समेत राखेको हुँदैन । उसले जनताको राम्ररी सेना कसरी गर्ने भन्ने कुरा बाहेक अरु केही सोच्दैन ।

१६. किन सच्चा सामूहिकतावादीले आफैबाट नम्रताको अपेक्षा गर्नुपर्छ ? पहिलो, किनभने उसले कुन कुरालाई बुझेको हुन्छ भने ज्ञान वा अन्य परिणामहरूको प्राप्तिमा उसले भूमिका खेलेको निकै ठूलो हुन्छ । जनताको मद्दत र सहयोगविना उसले ज्ञान प्राप्त गर्न सक्नेछैन । न त उसको काम सफल हुने छ सामुहिकतावादीको हैसियतले उसले जनताका गुणलाई वेवास्ता गर्नुहुन्न, वा "अन्य मानिसलाई तिनको गुणबाट वन्चित गर्नुहुन्न । अहँकारी बन्नु लाजमर्दो कुरो हो भन्ने उसलाई थाहा छ ।

दास्रो, उसले कुन कुरा बुझेको हुन्छ भने उसले सिकेको र गरेको काम क्रान्तिकारी ज्ञान र कामको सागरमा एउटा सानो थोपो मात्र हो ।

त्यो सानो अंश हो । अझ अर्को कुरा के भने, क्रान्तिकारी ज्ञान र कामको निरन्तर विकास भइरहेको छ । सामूहिकतावादको हैसियतले उसले जनताका लागि उपयोगी हुने ज्ञान प्राप्त हुने ज्ञान प्राप्त गर्न र क्रान्तिमा आफ्नो सामर्थ्य लगाउन यथाशक्य प्रयास गर्नुपर्छ । तसर्थ त्यहाँ आत्मसंतुष्टिका लागि गतिहीन बन्नका लागि कुनै ठाउँ छैन भन्ने कुरालाई उसले बुझ्नु पर्छ ।

तेस्रो, उसलाई के थाहा छ भने कामको बनौट पांग्रा, पेच, स्पातको फ्रेम र विभिन्न परिमाण र आकारका अन्य सिसाहरू सहितको एउटा ठूलो यन्त्रको जस्तै रहेको हुन्छ र तिनमा प्रत्येकको अपरिहार्यता सामुहिकतावादीको रूपमा उसले हरेक मानिसको क्रम र हरेक मानिसको उपलब्धिको कदर गर्नुपर्छ । क्रान्तिकारी कामको परिपुर्णताको लागि, उसले आफ्नो कामलाई अरुहरूको कामसित समन्वय गर्नुपर्छ । उसले कुन कुरा बुझ्नुपर्छ भने उ सामुहिकवाट अलग रहन सक्दैन र उसले आफ्ना साथीहरूलाई उत्कट रूपले प्यार गर्नुपर्छ ।

चौथो, उसले के बुझेको हुन्छ भने कुनै वैयक्तिगत धारणाको क्षेत्र सागुरो र सीमित हुन्छ । तर क्रान्तिकारी काम र ज्ञानको क्षेत्र फराकिलो हुन्छ । र त्यसको विषयवस्तु निकै जटिल र समृद्ध हुन्छ । यसरी उसले के बुझ्छ भने व्यक्तिका दोषहरू हुनु अनिवार्य छ । र उसबाट गल्तिहरू हुनु संभव छ । अक्सर उक्त दोष तथा गल्तीहरूतर्फ उसको पूरा ध्यान गएको हुँदैन । सामुहिकतावादी हुनाले, उसले समयमा आफ्ना दोष तथा आफ्ना गल्तीहरू पत्ता लगाउन र छिटोसित त्यसलाई सच्याउनु आफूबाट अधिक गहन र व्यापक अन्तर्दृष्टिको अपेक्षा गर्नेछ । यही कारणले गर्दा विनम्र रहन्छ । नम्रतापूर्वक अरुहरूबाट सिक्छ र शुद्ध हृदयले अरुहरूबाट हुने आलोचनाको स्वागत गर्दछ ।

उपरोक्त कारणबाट हामी सच्चा सामुहिकतावादीमा नम्रता रहने कुरा देख्न सक्छौ, यो यस्तो कुरो हो जसले उसको प्रगतिशील भावना र यथार्थवादी दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ ।

१७. आफ्नो अहँकारलाई हटाउने र विनम्रतालाई हुर्काउने अर्को तरिका हो । आफ्नो कम्युनिष्ट चतनालाई उँचो पार्नु । यसको लागि मार्क्सवाद-लेनिनवादको अधिक सघन अध्ययन चाहिन्छ । किन ?

१८. किनभने मार्क्सवाद-लेनिनवादका सिद्धान्तहरूले संसारलाई र व्यक्ति र जनता, व्यक्ति र संगठन, व्यक्ति र पार्टीबीचका सम्बन्धहरूलाई वैज्ञानिक ढंगबाट बुझ्न् हामीलाई मद्दत गर्न सक्छन् । (ती सिद्धान्तहरूले) क्रान्तिकारी संघर्षमा जनता र व्यक्तिको भूमिकालाई सही रूपमा बुझ्न पनि हामीलाई मद्दत गर्छन् । मार्क्सवाद र लेनिनवादले हामीलाई के बताउछन् भने श्रमिक जनता सामाजिक सम्पदाका स्रष्टा र क्रान्तिकारी संघर्षका मुख्य आधार हुन् । चीनमा समाजवाद र साम्राज्यवादको निर्माण गर्नका लागि हामीले तिनको अगुवाको नेतृत्वमा मजदुरवर्ग र दशौ लाख श्रमिक जनताको सिर्जनात्मक शक्तिमाथि भर पर्नुपर्छ । जहाँसम्म व्यक्तिको कुरा छ, ऊ क्रान्तिकारी काममा एउटा सानो पेचभन्दा बढी केही होईन । मार्क्सवाद-लेनिनवादले हामीलाई यसो भन्छ : सारा उपलब्धि सामुहिकको तागतको परिणाम हुन् । कुनै पनि व्यक्तिले आफूलाई सामुहिकतावाट अलग पार्न सक्दैन र कुनै पनि व्यक्तिले आफूलाई नेतृत्व दिने पार्टी संगठन र आफूलाई टेवा दिने आम जनता नभएसम्म कुनै कुरा पनि फत्ते गर्न सक्दैन । यदि हामीले इतिहासमा जनता र व्यक्तिले खेल्ने भूमिका र तिनीहरूको आपसी सम्बन्धलाई साँच्चिकै बुझ्छौ भने, हामी आपसेआप विनम्र बन्छौ ।

किनभने मार्क्सवाद-लेनिनवादले भविष्य र हामी लागिरहेको दिशावारे हाम्रो समझदारीलाई उठाउन सक्छ, हाम्रो मानसिक घेरालाई फैलाउन सक्छ । र हाम्रो चिन्तनलाई संकीर्णताबाट मुक्त पार्न सक्छ । जव मानिसहरू आफ्नो खुट्टा मुनिको मात्र देख्छन्, पहाड माथिको र समुन्द्रपारिको देख्दैनन्, तिनीहरू "इनारभित्र बस्ने भ्यागुतो" घमण्डी बन्न सम्भव छ । तर जव तिनीहरू संसारको विशालता, मानिसका मामिलाहरूको बहुरूप, मानवजातिको लक्ष्यको भव्यता र ज्ञान, मानिसका प्रतिभाहरूको समृद्धि र ज्ञानको फैसलालाई हेर्न आफ्नो टाउको उठाउँछन् । तिनीहरू विनम्र बन्छन् । हामी जुन कुराप्रति समर्पित छौं, त्यो एउटा विश्वलाई हल्लाउने अभिभारा हो । हामीले आफ्नो आँखा अघिल्तिरको काम र सुखमा मात्र होइन, बरु सुदूर भविष्यमा हामी सबैको काम र सुखमा पनि केन्द्रित रहनुपर्छ । मार्क्सवाद-लेनिनवादले सानो सफलता वा सानो उपलब्धिका कारण पैदा हुने साना उत्पादकको आत्मसन्तुष्टीलाई हटाउन हामीलाई मद्दत गर्छ । त्यसले अटूट प्रगतिका लागि हाम्रो इच्छालाई जगाउँछ । त्यसका साथै, त्यसले हाम्रो आदर्शवादी मनोगत चिन्तन-तरिकाको उन्मूलन गर्न हामीलाई मद्दत गर्छ ।

१९) विनम्रता र आत्म-हीनताभाव वर्षय होइनन् । विनम्रताको अर्थ आफूलाई होच्याउनु होइन, त्यो त हामीलाई तथ्यहरूलाई वस्तुगत रूपले हेर्न समर्थ पार्ने यथार्थवादी दृष्टिकोण र प्रगतिशिल भावनाको अभिव्यक्ति हो, जब कि आत्म-हीनताभाव भनेको अयथार्थवाद, आत्मविश्वासको कमी र अप्ठ्यारादेखि डरको अभिव्यक्ति हो ।

आत्म-हीनताभाव र आत्म-विज्ञापन वा आफू ठूलोको भावना मनोगतवादमा आधारित छन् र ती गलत छन् । तिनले आफ्नो दुइटा अति र गलत मनोगत मूल्यांकनलाई प्रतिनिधित्व गर्छन् । घमण्डी मानिसले आफूलाई यथार्थताबाट अलग्याउँछ र आफ्नो बढाइचढाइँ मूल्यांकन गर्छ, आफ्नो वास्तविक सामर्थ्य र भूमिकालाई बढाइचढाई प्रस्तुत गर्छ । उसले आफूलाई साधारणभन्दा माथि, श्रेष्ठ ठान्छ, र त्यसैले प्रगति गर्न वा नयाँ कुराहरू सिक्न बन्द गर्छ । अनिवार्य श्रमबाट, उसले गल्ती गर्नैपर्छ । आत्म-हीनताबोध गर्ने मानिस यसो हेर्दा घमण्डीको उल्टो देखिन्छ, तर ऊ पनि त्यस्तै अयथार्थवादी छ । उसले आफ्नो अवमूल्यन गर्छ, आफूलाई आफ्नो काममा सुधार्न र अनुशासित पार्न सकिन्छ भन्ने कुरा बिर्सन्छ र क्रान्तिमा आफूले खेलेको र पछि खेल्ने भूमिकालाई तुच्छ्याउँछ । फलस्वरूप, उसले प्रगति गर्ने कुरामा आफ्नो साहस र विश्वासलाई गुमाउँछ र आफ्नो लडाकू भावनालाई कमजोर बनाउँछ ।

सारांशमा आत्म-हीनताभाव र अहँकार दुवै गलत छन्, किनभने ती दुवैले क्रान्तिमा आफ्नो हिस्साको गलत मूल्यांकन, र अयथार्थवादी र अवैज्ञानिक दृष्टिकोणको प्रतिनिधित्व गर्छन् । दुवैले क्रान्तिलाई हानी गर्न सक्छ । त्यसैले, हामीले अहंकार र धाकधक्कुको दृढ रूपमा विरोध गर्नुपर्छ र कडाइका साथ आत्म-हीनताभावबाट विनम्रतालाई छुट्याउनु पनि पर्छ । यसरी नै हामी एउटा अतिबाट अर्को अतिमा लाग्ने कुरालाई हटाउन सक्छौं । (१९६३, दिसेम्बर १३)

(यो लिख जेरोमे शेनद्वारा सम्पादित "Mao's Papers" बाट लिइएको हो- अनु.)

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# उखु किसानका पीडा कञ्चनपुरका ६ हजार उखु किसानले अझै पाएनन् गत बर्षकै अनुदान



कञ्चनपुर । कञ्चनपुरका ६ हजार उखु किसानले अझै अनुदानको रकम पाएका छैनन् । पाँच हजार ५९४ उखु किसानले गत बर्षको अनुदान रकम नपाएका हुन् । सरकारले गत बर्षदेखि अफैले किसानलाई प्रतिक्विन्टल ६५ रूपैया अनुदान दिने घोषणा गरेको थियो ।

पूर्वतिरका चिनीमिलले सरकारले किसानलाई दिने अनुदान सहित किसानको उखुको मुल्य समेत नदिएपछि सरकारले आफैले सिधै किसानलाई अनुदान रकम उपलब्ध गराउने घोषणा गरेको थियो, तर कञ्चनपुरका दुई चिनी उत्पादक उद्योगले किसानलाई उखुको मुल्य भुक्तानी गरेको बर्षदिन वितिसक्दा पनि सरकारबाट पाउने अनुदान भने अझै पाईएको छैन् ।

मंसिर पहिलो सातासम्म पनि किसानले अनुदानको रकम पाएका थिएनन् । बेलौरी नगरपालिका १० शिवनगरको महाकाली सुगर ईण्डष्ट्रिज प्रालिमा तीन हजार १७४ र पुर्नवास नगरपालिका २ आईबिआरडीको भागेश्वर सुगर एण्ड केमिकल प्रालिमा दुई हजार ४१८ किसानले उखु बिक्रि गरेका थिए । करिब ६ हजार उखु किसानले दुवै चिनिमिलमा झण्डै ४२ लाख क्विन्टल उखु बिक्रि गरेका थिए ।गत बर्ष भागेश्वरले १९ लाख २० हजार र महाकालीले २२ लाख ८० हजार क्विन्टल उखु खपत गरेको थियो । महाकालीले दैनिक २२ हजार क्विन्टल उखु खपतको क्षमता रहेपनि कच्चा पदार्थ अभावका कारण १९ हजार मात्रै खपत गरिरहेको छ, भने २५ हजार क्विन्टल क्षमता विस्तार गरेको भागेश्वर चिनिमिलले दैनिक १६ हजार मात्रै उखु खपत गरिरहेको छ । नगदेबालीको रूपमा रहेको कञ्चनपुरका १३ हजार हेक्टर क्षेत्रफलमा उत्पादन गरिन्छ, तर पनि दुवै उद्योगका लागि आवश्यक कर्च्चा पदार्थ अभाव हुँदै गएको छ ।

१० बर्ष अघि अर्थात ०६७ सालमा संचालनमा आएको महाकालीले बार्षिक एक लाख ८० हजार क्विन्टल चिनी उत्पादन गर्दै आएको छ, भने तीन बर्ष अघि अर्थात ०७२ सालदेखि संचालनमा आएको भागेश्वर चिनिमिलले बार्षिक एक लाख ५२ हजार क्विन्टल चिनी उत्पादन गरिरहेको छ । सीमा क्षेत्रका यि दुवै चिनिमिलले स्थानीय भन्दा पनि बाह्य बजारमा प्रतिकेजी ६० रूपैयाका थोक दरमा सप्लायर्स गर्दै आएका छन् । सरकारले चिनी उद्योगलाई १३ प्रतिशत भ्याट मध्ये ९० प्रतिशत छुट गराएर किसानलाई प्रति क्विटल ६५ रूपैया अनुदान सम्बन्धीत उद्योगबाट वितरण हुन्थ्यो, भने अहिले सरकारले उद्योगबाट १३ प्रतिशतको सत प्रतिशत भ्याट लिएर त्यसबाट आफैले अनुदान रकम वितरण गर्न प्रयास थालेपछि ढिलाई भएको हो ।

महाकाली र भागेश्वर दुवै उद्योगले किसानको रकम भुक्तानी गरिसकेको र सरकारबाट किसानले पाउने अनुदानमा ढिलाई भएको जनाएका छन् । दुवै उद्योगले किसानलाई बैंक मार्फत रकम भुक्तानी गरिसकेको जनाएका छन् । भागेश्वर सुगर एण्ड केमिकल प्रालिका प्रबन्ध निर्देशक शंकर बोगटीले सरकारको उदाशिनतका कारण किसान मात्र होईन उद्योगमा समेत प्रभाव परेको बताए । 'विगतका बर्षहरूमा हामी नै अनुदान वितरण गर्थ्यौं, 'उनले भने, 'गत बर्षदेखि सरकारले आफै वितरण गर्छु भनेर किसानलाई मारमा पारेको छ ।'

छिमेकी मुलुक भारतमा समेत उखु किसानका लागि मल बिउबिजनदेखि विभिन्न उपकरणमा सहुलियत भएपनि नेपालमा यस्ता प्रोत्साहनका कार्यक्रम नहुँदा खुलेका उद्योगले समेत क्षमता अनुसार कर्च्चा पदार्थ नपाएको दुखेसो पोखे । ' हाम्रो उद्योगको क्षमता दैनिक २५ हजार क्विन्टल उखु हो, तर १६ हजार मात्रै खपत गरिरहेका छौं, ' उनले भने, 'यस्तो अवस्थामा कच्चा पदार्थ अभाव हुँदा उद्योगलाई नै धक्का पुग्छ ।' उनले किसानका लागि उन्नत जातको बिउका साथै उपकरण समेत दिएको बताए । महाकाली सुगर ईण्डष्ट्रिज प्रालिका प्रशासन प्रमुख कालुसिह बहादुर ठगुन्नाले उद्योगले सबै किसानको भुक्तानी गरिसकेको बताए । 'हामीले भुक्तानी गतबर्षनै गरिसके तर सरकारले किसानको अनुदान अझै दिएको छैन, 'उनले भने, 'अर्को बर्षका लागि उखु बिक्रि गर्ने समय पनि आईसक्यो ।' उनले पनि उद्योगलाई चाहिने जति कर्चा पदार्थ खपत गर्न समस्या भएको बताए । 'हामीलाई दैनिक २२ हजार क्विन्टल हो, 'उनले भने, 'हामीले दैनिक १९ हजार खपत गरिरहेका छौं ।' प्रशासन प्रमुख ठगुन्नाले किसानलाई प्रोत्साहनका लागि उन्नत जातको उखुको बिउ वितरण गरेको बताए । उनका अनुसार ०२३८, ०२७२, ०३१०१ लगायतका उन्नत जातको बिउ वितरण गरिएको छ ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी शुशिल कुमार बैद्यले अनुदान रकम जिल्लामा पुगिसकेकाले अर्को साताभित्रै वितरण गरिने बताए । 'उखु किसानको अनुदान रकम आएको छ, 'उनले भने, 'आवश्यक प्रकृयामा हुँदा एक दुईदिनमै वितरण गर्छौं ।' कञ्चनपुरको दक्षिणी भेगमा उखु उत्पादन हुने झण्डै ५ हजार विगाह भन्दा बढि जमिन सिमसारमा परिणत हुँदा समेत किसानलाई उखु खेती गर्न समस्या भएको छ । बेलडाँडीका किसान बीर सिह धामीले उखु उत्पादन गर्ने खेत भएपनि सिमसार हुँदा खेत बाँझै रहेको दुखेसो पोखे । 'सरकारले खेत बाँझो नराख्ने नीति लिएको छ, 'उनले भने, 'सिमसारले हाम्रा खेत बाँझै छन्, हामीले यस्तोमा कसरी खेतीपाती गर्ने ।'

सिमसार व्यवस्थापनका लागि सम्बन्धीत निकायमा धाउदा समेत सुनुवाई नभएका कारण उखु उत्पादन हुने खेत घाँसेमैदानमा परिणत भएका हुन् । त्यसैले पनि दुवै उद्योगले आवश्यकता अनुसार कच्चा पदार्थको अभाव खेपिरहेका छन् । गतबर्षकै अनुदान वितरण नगरेको सरकारले यस बर्ष किसानले उखु बिक्रि गर्ने समय नजिकिदै जाँदा पनि उखुको मुल्य निर्धारण गरेको छैन् । मंसिर दोस्रो सातादेखि दुवै चिनी उत्पादन गर्ने उद्योग संचालनमा आउने भएका छन् । तर, पनि सरकारले उखुको सर्मथन मुल्य निर्धारण गरेको छैन् । गत बर्ष लक्कट प्रति क्विन्ट ४५१, समान्य ४७५ र उन्नतको ५०१ रूपैयामा किसानले उखु बिक्रि गरेका थिए । यस बर्ष अझैसम्म पनि उखुको मुल्य निर्धारण नहुँदा किसान अन्यौलमा परेका छन् । उखु किसान समेत रहेका खबरदारी तथा पैरवी समिति बेलौरीका संयोजक हरेन्द्र विष्टले सरकारले किसानलाई दिने भनिएको अनुदान रकम घोषणामै सिमित रहेको टिप्पणी गरेका छन् । अनुदान लिने प्रकृया समेत झन्झटिलो र ढिलासुस्ती भएको उनको भनाई छ । 'घोषणा गऱ्यो, तर रकम दिएन, ' उनले भने, 'यसबाट झन किसान मारमा परेका छन्, यस अघि उद्योगले दिदै आएको रकम मध्ये प्रति क्विन्टलमा ६५ रूपैया घटाएर भुक्तानी गरेको छ । सरकारले अघिकतम किसानका लागि अनुदानका कार्यक्रम ल्याउनुपर्ने भएपनि घोषणा गरेको रकम समेत नदिएकाले सरकार किसानको हितमा नभएको आरोप लगाए । विष्टकै नेतृत्वमा अनुदान रकमका लागि जिल्लादेखि प्रदेशसम्मका सरकारी निकायमा डेलिगेशन गएको थियो । उखु उत्पादक किसान हकहित संरक्षण समितिका कोषाध्यक्ष चेतन कुमार राईले विगतका बर्षमा सरकारले किसानलाई उद्योग मार्फत अनुदान उपलब्ध गराउदै आएको बताए । 'गत बर्षदेखि सरकारले उद्योग भन्दा सिधै किसानलाई अनुदान दिने घोषणा गरेको थियो, ' उनले भने, 'तर अहिलेसम्म पाईएको छैन् ।' अनुदान रकम नपाएपछि किसान मारमा पर्नुका साथै निरास भएको उनले बताए । उनले सरकारले पठाएको अनुदान रकम १६करोड मात्रै भएकाले अपुग भएको बताए । दामाशाही प्रवृतिमा रकम वितरण गर्न नहुने उनको तर्क छ । कोषाध्यक्ष राईले सरकारले उखु किसानका लागि विषेश अनुदानका कार्यक्रम ल्याएर किसानलाई नगदेबाली तर्फ उन्मुख गराउनुको साटो घोषणा गरिएको रकम पनि समयमै उपलब्ध नगराउने किसानका लागि दुखको विषय भएको टिप्पणी गरे ।


*संसदीय उपनिर्वाचन सक्रिय बहिष्कार गरौँ !*
*नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढौँ !!*
देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
प्रदेश नं.३

## उपचुनाव बहिष्कार नै किन ?



- वर्तमान प्रतिक्रियावादी सत्ता, व्यवस्था र सरकारको भण्डाफोर गर्न ।
- लिम्पियाधुरा, लिपुलेक र कालापानीबाट भारतीय सेना फिर्ता पठाउन उदासीन संसदीय पार्टी र तिनका दलाल नेता तथा नालायक सरकारको भण्डाफोर गर्न ।
- हिन्द प्रशान्त रणनीतिभित्र अदृष्य रूपमा नेपाललाई समावेश गर्ने सरकारको हर्कतको भण्डाफोर गर्न ।
- पहिचानविहिन सङ्घीयता, नक्कली धर्मनिरपेक्षता तथा उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायमाथि संसदीय व्यवस्था र सत्ताको उत्पीडनको भण्डाफोर गर्न ।
- जनतामाथि दोहोरो, तेहोरो कर थोपर्ने र चर्को महङ्गी वृद्धिद्वारा जनताको ढाड सेक्ने जनविरोधी सत्ता र व्यवस्थाको भण्डाफोर गर्न ।
- हत्या, बलात्कार, तस्करी र भ्रष्टाचारमा चुर्लुम्म डुबेको सरकारको भण्डाफोर गर्न ।
- युवाहरूलाई विदेशमा निर्यात गरी सेमिट्र्यान्सूले देश चलाउने सरकारको जनविरोधी हर्कतको भण्डाफोर गर्न ।
- जनताको नजरमा गिरिसकेको सरकार र व्यवस्थाको बहिष्कार गर्न ।
- यथास्थितिवादी तथा पश्चगामी पार्टी, व्यवस्था र सरकारको विकल्पमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सङ्घीय जनगणतन्त्र नेपाल स्थापनाको तयारी गर्न ।

## अखिल (क्रान्तिकारी)को प्रेस विज्ञप्ति



'सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र जनतान्त्रिक विद्यार्थीहरू एकजुट होऔं !'
अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)
All Nepal National Independent Student's Union (Revolutionary)
केन्द्रीय समिति (Central Committee)

प.सं.
च.नं.

मिति : २०७६/०८/०८

प्रेस विज्ञप्ति

मेडिकल शिक्षामा भईरहेका अनियमतितता, भ्रष्टाचार, लुट र ज्यादती विरूद्ध हाम्रो संगठन निरन्तर संघर्षरत रहेको कुरा प्रष्ट पार्न चाहन्छौं । शिक्षा मान्त्रालयले यही २०७६ कार्तिक २४ गते सुचना जारी गरेर १५ दिन भित्र मेडिकल कलेजहरूलाई विद्यार्थीहरूबाट लिएको बढि शुल्क फिर्ता गर्न निर्देशन दिए पनि व्यवहारमा कार्यान्वयन गरिनुको सट्टा नेशनल मेडिकल कलेज, चितवन मेडिकल कलेज, गण्डकी मेडिकल कलेज लगाएत मेडिकल कलेजहरूमा आन्दोलनरत विद्यार्थीहरूलाई उल्टै कलेज प्रशासनबाट अभद्र व्यावहार गर्नुको साथै धरपकड र कुटपिट समेत गरिनुले हाम्रो सङ्गठन उक्त कार्यको निन्दा गर्दै घोर विरोध एवं भर्त्सना गर्दछ । सरकारले गरेको निर्णय अविलम्ब कार्यन्वयनको लागि हाम्रो सङ्गठन जोडदार अपिल समेत गर्दछ । अन्यथा विद्यार्थीहरू माथिको ज्यादती नरोकिने र सरकारले आफ्नो निर्णय कार्यान्वयन नगर्ने हो भने हामी अझै शसक्त संघर्षमा उत्रन बाध्य हुने चेतावनी सहित जानकारी गराउन चाहन्छौं ।

क्रान्तिकारी अभिवादन सहित !

हरिकृष्ण गजुरेल
अध्यक्ष

## प्रहरी हस्तक्षेपको...

संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको व्यानरमा उपनिर्वाचन बहिस्कार आन्दोलनलाई तीब्रता दिइरहेको छ । भारतीय विस्तारवादले लिम्पियाधुरा, कालापानी, लिपुलेक लगायत कालापानी क्षेत्रको ३७२ किमि भूभाग आफ्नो नक्सामा गाभेपछि भूमि अतिक्रमणका विरुद्ध देशव्यापी रूपमा क्रान्तिकारी माओवादी तथा देजमो, नेपाल अहिले आन्दोलनरत छ। दिनदिनै राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा क्षेत्रीय अखण्डताको पक्षमा पार्टी तथा मोर्चाले कार्यक्रम गरिरहेका छन् । प्रहरी हस्तक्षेपका बाबजुद पार्टी तथा मोर्चाले बहिस्कार सभा सम्पन्न गरेको छ। प्रहरीले सुनसरीको धरान र दाङको हापुरेमा मोर्चाको कार्यक्रममा अवरोध सिर्जना गर्दै नेता कार्यकर्तालाई पक्राउ गरेको थियो । प्रहरी हस्तक्षेपका बाबजुद बहिस्कार आन्दोलनलाई देजमोले तीब्रता दिइरहेको छ ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले आयोजना गरेको उपनिर्वाचन बहिस्कारसभालाई सम्बोधन गर्ने वक्ताहरूले आम जनसमुदायलाई निर्वाचनको सक्रिय बहिस्कार गर्न अपिल गरेका छन् । उनीहरूले क) वर्तमान प्रतिक्रियावादी सत्ता, व्यवस्था र सरकारको भण्डाफोर गर्न, ख) लिम्पियाधुरा, लिपुलेक र कालापानीबाट भारतीय सेना फिर्ता पठाउन उदासीन संसदीय पार्टी र तिनका दलाल नेता तथा नालायक सरकारको भण्डाफोर गर्न, ग) हिन्द प्रशान्त रणनीतिभित्र अदृष्य रूपमा नेपाललाई समावेश गर्ने सरकारको हर्कतको भण्डाफोर गर्न, घ)पहिचानविहिन सङ्घीयता, नक्कली धर्मनिरपेक्षता तथा उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायमाथि संसदीय व्यवस्था र सत्ताको उत्पीडनको भण्डाफोर गर्न, ङ) जनतामाथि दोहोरो, तेहोरो कर थोपर्ने र चर्को महङ्गी वृद्धिद्वारा जनताको ढाड सेक्ने जनविरोधी सत्ता र व्यवस्थाको भण्डाफोर गर्न, च) हत्या, बलात्कार, तस्करी र भ्रष्टाचारमा चुर्लुम्म डुबेको सरकारको भण्डाफोर गर्न, छ) युवाहरूलाई विदेशमा निर्यात गरी सेमिट्र्यान्सूले देश चलाउने सरकारको जनविरोधी हर्कतको भण्डाफोर गर्न, ज) जनताको नजरमा गिरिसकेको सरकार र व्यवस्थाको बहिष्कार गर्न, झ) यथास्थितिवादी तथा पश्चगामी पार्टी, व्यवस्था र सरकारको विकल्पमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी सङ्घीय जनगणतन्त्र नेपाल स्थापनाको तयारी गर्न, आदि उद्देश्य राखेर बहिस्कार गर्ने नीति लिएको बताएका छन् ।

आइतबार पोखरामा सम्पन्न बहिस्कार सभालाई मोर्चाका अध्यक्ष सीपी गजुरेलले सम्बोधन गरे । पोखराको पृथ्वीचोकमा गरिएको सभाको अध्यक्षता मोर्चाका प्रदेश संयोजकले गरेका थिए । बाबुराम सुवेदीले स्वागत मन्तव्य दिएका सभाको सञ्चालन नेत्र रानाभाटले गरेका थिए । कार्यक्रमको बीचबीचमा संगम साँस्कृतिक मञ्चको सांगीतिक प्रस्तुती रहेको थियो ।

शुक्रबार भक्तपुरको दत्तात्रयमा भव्य रूपमा सम्पन्न भएको उपनिर्वाचन बहिस्कार सभालाई प्रमुख वक्ताको रूपमा मोर्चा अध्यक्ष गजुरेलले नै सम्बोधन गरेका थिए । मंसिर १४ गते भक्तपुर १(क)मा हुन लागेको उप( निर्वाचनलाई लक्षित गरि मोर्चाको निर्वाचन बहिष्कार सम्बन्धी धारणा सार्वजनिक गर्न उक्त बहिष्कार सभा आयोजना गरिएको थियो ।

बहिष्कार सभालाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथी गजुरेलले दलाल संसदीय व्यवस्था जनताको बिचमा बद्नाम र अलोकप्रिय मात्रै नभई असफल समेत भएकोले जनताले यो व्यवस्थाको विकल्प खोज्न सुरु गरेको र जनचाहना अनुसार नै पार्टी र मोर्चाले उपनिर्वाचन बहिष्कार गर्ने निर्णय गरेको बताएका थिए । सरकार गठनको २१ महिना नपुग्दै वर्तमान ओली सरकारले ५७ वटा जनघात र राष्ट्रघात गरेको दृष्टान्त पेश गर्दै अध्यक्ष गजुरेलले जनतालाई सरकारले दिने झुटा नारा र भ्रममा बिश्वास नगर्न अपिल समेत गरे । दलाल, भ्रष्ट, तस्कर र कामचोर ठेकेदारहरूको हालिमुहाली र पैसाको खोलो बगाएर हुने यस प्रकारको चुनावी प्रतिस्पर्धाले राम्रो र सापेक्षित इमानदार नेतृत्व निर्वाचित हुन नसक्ने जिकिर गर्दै जनता सचेत र चनाखो हुने समय आएको बताएका थिए ।

कार्यक्रममा पार्टी निकट सल्लाहकार समिति सदस्य ज्ञानेन्द्रमान श्रेष्ठ, देजमो नेपालका केन्द्रीय सदस्य श्रीकृष्ण शुलु सहितले आफ्नो धारणा राखेका थिए । देजमो नेपाल ३ नम्बर प्रदेश अध्यक्ष पवनमान श्रेष्ठले अध्यक्षता गरेको सभाको सञ्चालन भरत बुर्जाले गरेका थिए ।

यसैगरी, दलाल संसदीय व्यवस्थाको खारेज गरी संघीय जनगणतन्त्र स्थापनाको लागि सार्वजनिक आव्हान गर्दै मोर्चाको चितवन जिल्लाको आयोजनामा भरतपुर मनपा १६ स्थित फुर्तिचोकमा बहिस्कार सभा सम्पन्न गरियो । सभालाई मोर्चाकी केन्द्रीय सचिवालय सदस्य अम्बिका मुडभरीले सम्बोधन गरेकी थिइन् । सो क्रममा भारतीय अतिक्रमणको विरोधमा समेत प्रदर्शन गरिएको थियो ।

### प्रहरी अवरोध छिचोल्दै दाङको हापुरेमा सभा सम्पन्न

त्यसैगरी प्रहरी अवरोध छिचोल्दै दाङको हापुरेमा उपनिर्वाचन बहिस्कारसभा भव्यरूपमा सम्पन्न गरिएको छ । हाम्रा सहकर्मी रवि पाण्डेयले पठाएको समाचार अनुसार 'कथित उपनिर्वाचन बहिस्कार गरौं जनवादी क्रान्तिको तयारी गरौं' भन्ने नाराका साथ मोर्चाको प्रदेश ५ को आयोजनामा गरिएको सभालाई कार्यक्रममा प्रमुख अतिथि क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य एवं प्रदेश ५ का सेक्रेटरी प्रमोदले समान्य विरोध सभालाई समेत गर्न नदिने अभ्यास लोकतान्त्रिक नभई फासीवादको अभ्यास भएको बताए । त्यस्तै कार्यक्रममा पार्टीका बैकल्पिक पोलिटब्युरो सदस्य संकुल, मोर्चाका केन्द्रीय सचिवालय सदस्य हिरामणी दुखी लगायतले प्रहरीले विहीबार पार्टीको पर्चा पम्पलेट तथा माइक खोसेर नेता कार्यकर्तालाई पक्राउ गरेकोप्रति घोर निन्दा गरे ।

कार्यक्रममा बोल्दै क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा दाङ जिल्ला इञ्चार्ज समिरले सुरक्षाकर्मीले बन्दुकको आडमा दमन गरे जनताको तर्फबाट पनि बन्दुक उठने चेतावनी दिए । कार्यक्रम पार्टीका बैकल्पिक पोलिटब्युरो सदस्य शिशिरको अध्यक्षता एंव समिरको संचालनमा सम्पन्न भएको थियो । कार्यक्रमको अघिल्लो दिन इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष समेत रहेका मोर्चाका नेता दुःखी, पार्टी केस समिर लगायत ६ जना नेता कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । चौतर्फी दबाब बढेपछि नियन्त्रणमा लिएको केही समयपछि छाडेको थियो ।

### धरानमा दर्जनौ नेता कार्यकर्ता पक्राउ

यसैबीच, आइतबार सुनसरीको धरानमा आयोजित बहिस्कारसम्बन्धी कोणसभामाथि प्रहरीले हस्तक्षेप गरेको छ । धरानको छाता चोकमा आयोजित कोणसभालाई मोर्चाका केस टिका राईले सम्बोधन गरेका थिए भने कोणसभाको सञ्चालन गौरव राईले गरेका थिए । मोर्चाले कार्यक्रम सम्पन्न गरे लगत्तै प्रहरीले हस्तक्षेप गरी क्रान्तिकारी माओवादीका केस मोहन लिम्बू, पार्टी केस विमल, पेमा लामा सुनसरी सेक्रेटरी, टिका राई देजमो केस, गौरव राई किरामुमो अध्यक्ष, पारस लिम्बु मोर्चा केस, पारक लिम्बू मोर्चा केस, सुविना, पदम तामाङ, सन्तोष ठाकुर, रामबहादुर पौडेललगायतलाई पक्राउ गरेको छ । उनीहरूलाई इलाका प्रहरी कार्यालय धरानमा राखिएको पार्टीका १ नं. प्रदेश इन्चार्ज मीनकुमारले जानकारी दिए । मोर्चाको कार्यक्रममा गरिएको हस्तक्षेप र नेता कार्यकर्ता पक्राउको पार्टीले घोर विरोध एमव् भर्त्सना गर्दै अविलम्ब रिहाईको माग गरिएको इन्चार्ज मिनकुमारले बताए ।

# विस्तारवादका विरुद्ध निस्किए सडकमा देशभक्त क्रान्तिकारीहरू




काठमाण्डौ । देसभक्त जनगणतान्त्रिक मोर्चा नेपालको आयोजनामा सञ्चालित नेपाली भूमिमा भारतीय अतिक्रमणका विरुद्ध विरोध कार्यक्रम मंसीर ४सम्पन्न भयो । कार्यक्रममा विभिन्न जनवर्गीय सङ्गठनका नेताहरूले आफ्नो धारणा राखेका थिए । धारणकै क्रममा अखिल नेपाल क्रान्तिकारी विद्यार्थी संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले भनैं – नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भारतद्वारा ७१भन्दा बढि स्थानमा अतिक्रमण भएको छ । कालापानी–लिपुलेक–लिम्पियाधुरालगायतका ३७२ वर्ग किमि क्षेत्र नेपाली नक्सामा उल्लेख नगरिनु नेपाल सरकारको कमजोरी हो । भर्खरै भारतले ती उल्लेखित क्षेत्रहरू आफ्नो नक्सामा उल्लेख गरे पश्चात् देसैभर विरोध प्रदर्शन एवं विरोध सभाहरू विभिन्न पार्टी, सामाजिक सङ्घसंस्था, नागरिक समाज आदिद्वारा सम्पन्न भइरहेको छ । यत्रो भूमि अतिक्रमण हुँदासम्म नेपाली सेना, प्रहरी, सशस्त्रप्रहरी आदि त्यस क्षेत्रमा नखटाउनु दुखद हो गजुरेलले भनैं । यदि आफ्नो भूमिको सुरक्षा प्रदान गर्न नसक्ने हो भने नैतिकताको आधारमा राजीनामा दिनु पर्‍यो । अब सिमा सुरक्षार्थ युवा, महिला, देसभक्त सबै एकजुट भएर लाग्नु पर्ने धारणा व्यक्त गरे । यी माथिका अनेकौं कमजोरीहरूले के पुष्टि गर्दछ भने यो कथित वर्तमान कम्युनिष्ट नामधारी सरकार दलाल, प्रतिक्रियावादी, भ्रष्ट,अनैतिक भएको छ साथै सो कुराको जानकारी अब रूपमा तथा विभिन्न विद्यालयहरूमा गई विद्यार्थीहरूलाईसमेत सचेत गराउँदै मातृभूमि रक्षार्थ देसप्रेमीहरूको समूह बनाइ आन्दोलनको नेतृत्व गर्न हाम्रो विद्यार्थी सङ्गठन तयार छ, गजुरेलले भनैं ।

अर्का मजदुर नेता अर्जुनलाल श्रेष्ठले देस अहिले अत्यन्त सङ्कटपूर्ण अवस्थामा छ , आजभन्दा ६६ वर्ष अगाडि शरणार्थीकारूपमा लिपुलेकमा बस्दै आएका भारतीयहरूलाई पञ्चायतकाललगायत आजसम्मका कम्युनिष्टहरूले पनि यो समस्याको समाधान गर्न नसक्नु दुखद हो । कालापानी–लिपुलेक–लिम्पियाधुरा–टिङ्करनाकाआदि क्षेत्रमा शीघ्रातिशीघ्र प्रहरी–सैन्यजत्था आदि खटाएर मातृभूमिको रक्षाको निमित्त अग्रसर हुन सुझाव दिए ।

सीमा अतिक्रमणको विषय उल्लेख गर्दै आर्का नेता क्रान्तिकारी युवा लिगका अध्यक्ष अमिर श्रेष्ठले सत्तासीन राजनेताहरू भारतका गुलाम,दास भएकै कारण सीमा अतिक्रमण निरन्तर हुँदै आएको रहस्योद्घाटन गरे । नेपाल ग्याँस,पेट्रोल,डिजल, मट्टितेल आदि पदार्थमा भारत निर्भर भएको मनन गर्दै त्यसैको आडमा नेपालप्रति उस्को हेपाहा प्रवृत्ति भएको हो, नेता श्रेष्ठले भने । नेपाली युवाहरू झण्डै करोडको हाराहारीमा रोजगारीका निमित्त विदेश पलायन भएका छन्, तेहि कमजोरीको बलमा पनि भारतले नेपालमाथि धावा बोलेको हो । नेपाली अधिकांश जमिन बाँझो हुँनु र खाद्यान्नमा भारत आश्रित रहनु पनि उस्को पेलाहा प्रवृत्ति हुँनुमा कारण हो त्यसैले अब हामी यी सबै कुरामा आत्मनिर्भर हुनुपर्छ भन्ने पाठ सिक्नु आवश्यक छ नेता अमिरले बताए । ब्रिटिसहरूले १८५६देखि नै नेपाली नक्सा फेरबदल गर्दै आएका छन् किन्तु हामी ब्रिटिस गोर्खा भर्तीमा जान आतुर हुनु हाम्रो अज्ञानता हो उनले भने । अब हामीले हाम्रो देसलाई सार्वभौमसत्ता सम्पन्न बनाउँन एकजुट हुने अबसर प्राप्त भएको छ, चाँडै जुटिहालौं ।




सोही सभालाई सम्बोधन गर्दै अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीका नेत्री शारदा महत् "सरु" ले बताइन्– :आजभन्दा झण्डै डेढवर्ष अघि नै राज्यका बिभिन्न निकायहरू सरकारी कार्यालय, नगरपालिका गाउँपालिका, मालपोतआदि स्थानमा हाम्रो पार्टीले सक्कली नेपाली नक्सा प्रयोग गर्न सुझाव दिएको थियौं किन्तु वर्तमान कथित कम्युनिष्ट नामधारी सरकार कमजोर, लाचार तथा निरिह भएकै कारण सुनुवाइ भएन । इतिहासदेखि नै स्वतन्त्र रहँदै आएको हाम्रो मातृभूमिमाथि बलात्कार भएको छ त्यसैले गुम्न लागेको भूमिको सुरक्षार्थ यो दलाल, भ्रष्ट, बलात्कारी तथा प्रतिक्रियावादी सरकारबाट नभइ हाम्रो गौरवशाली पार्टी नेकपा (क्रान्तिकारी माओवादी )को नेतृत्वमा सम्पुर्ण देसप्रेमीहरूको साथमा अग्रसर हुन सदैव तत्पर छ भन्ने उद्घोष गरिन् ।

कार्यक्रमका प्रमुख अतिथि देसभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष चन्द्रप्रकाश गजुरेल "गौरव" ले भारतद्वारा अतिक्रमित क्षेत्रहरूमा १० हजारको सङ्ख्यामा सुरक्षाकर्मी परिचालन हुँदा पनि नेपाली तर्फबाट शून्य हुँनु दुर्भाग्य भएको औंल्याए । कालापानी–लिपुलेक–लिम्पियाधुरा नियन्त्रण पश्चात् त्यसको प्रत्याभूति दिलाउन भारतद्वारा नक्सा प्रकासन भएको कुरा बताउँदै ३७२ वर्ग किलोमिटर भूमि जुन हाम्रो भक्तपुर जिल्लाभन्दा झण्डै तिनगुणा ठुलो छ यत्रो भूमि अतिक्रमित हुँदासम्म नेपालसरकार, बिभिन्न पार्टीहरू मौन रहनु लज्जास्पद हो गजुरेलले भनैं । हाम्रो पार्टी बाहेक अरु कुनै पनि पार्टीहरू यसको विरुद्ध आवाज बुलन्द गर्ने साहस गरिरहेका छैनन् किन्तु जनताहरू भनैं स्वस्फूर्तरूपमा प्रतिरोध, विरोधमा हुँनुचाँहिँ खुसीको कुरा हो । सानो राष्ट्र हुँदैमा शक्तिहीन हुँदैन, यसको उदाहरण स्वरूप उत्तरकोरियाको प्रसङ्ग काट्ट्याउँदै उनले मिसाइललगायत परमाणु हातहतियार बनाएर आफु सुसज्जित भएकै कारण अमेरिकाले उसमाथि आक्रमण गर्न नसकेको किनकी जो सङ्ग परमाणु हातहतियार छ उदेखि अमेरिका त्रसित हुन्छ त्यहि कुरा नेपालमा पनि लागु हुन सक्छ हाम्रो देश सानो भएपनि हामी शक्तिशाली हुन सकिन्छ त्यसको लागि सर्त भनेको हामी सबै नेपाली एकजुट र सङ्गठित हुनु जरुरी छ । त्यसैले अब राष्ट्र बचाउन जुनसुकै पार्टीको भएतापनि एकजुट भएर देशभक्तिपूर्ण आन्दोलन उठान गर्नु पर्ने आवश्यकता भएको छ गजुरेलले भनैं । नेपाल सरकार तथा सबै सरोकारवालाहरूलाई सुझाबहरू दिँदै उनले भने

:– तत्काल प्रधानमन्त्री स्तरमा वार्ता हुनुपर्ने ।

भारतको झैं १० हजार सुरक्षाकर्मी तत्काल त्याहाँ पठाउनु पर्छ ।

सरकारले यसलाई अन्तर्राष्ट्रियीकरण गरोस् !

संयुक्तराष्ट्र सङ्घ, हेगलगायतमा यो मुद्दा लैजानु पर्ने ।

नेपालभरि जन-आन्दोलन गर्नुपर्ने र लाखौं नेपाली जनता सडकप्रदर्सनमा उत्रनु पर्छ, यहि नै प्रमुख शक्ति हो ।

जनचेतनामूलक कार्यक्रम अब देसैभर तुरुन्तै जागरणको निमित्त गर्नुपर्ने ।

देस बचाउन निक्लने प्रदर्शनकारीलाई सरकारले दमन गर्नु हुँदैन ।

विदेस गएका सबै नेपालीहरू मातृभूमि रक्षार्थ फिर्ता हुनुपर्छ र जन-आन्दोलनमा सहयोग पुर्‍याउनु पर्छ ।

दोहोरो नागरिकता खोज्ने एन.आर.एन. पनि सहभागि हुनुपर्छ ।

बेरोजगार युवाको निमित्त भर्ती खोलेर उनिहरूलाई प्रशिक्षण दिइनुपर्छ ।

कार्यक्रमको सञ्चालन देजमो नेपालका उपाध्यक्ष पवनमान श्रेष्ठले गरेका थिए साथै क्रान्तिकारी नेता काञ्छाराम तामाङ्ले पनि आफ्नो छोटो सारगर्भित भनाइ राख्दै सामना परिवारका कलाकारहरूलाई एउटा सारगर्भित राष्ट्रियताले ओतप्रोत गीत गाउन आग्रह गरेका थिए ।



# जातीय छुवाछुतसँग जोडिएको साँस्कृतिक तथा धार्मिक पक्ष



● हुकुमबहादुर सिंह ●

*दलितहरूको मुक्तिको सही दिशा निर्देश गर्नु महत्वपूर्ण छ तर त्यो आफैमा प्राप्त हुदैन, किनभने त्यसको प्राप्तिको निम्ति एउटा क्रान्तिकारी संगठनको कर्तव्य भनेको प्रथम त्यस्ता कार्यकर्ताको पहिचान र छनोट हो, जसले आफ्ना नाराहरूलाई कार्यक्रमको रूप दिएर सवै शोषित पीडितहरूको बीचमा स्थापित गराउन सहयोग गर्छन्*

नेपाली समाजमा धर्म, संस्कृति, प्रथा, परम्परा, संस्कार वा रितिरिवाजका नाममा छुवाछुत तथा भेदभाव गरिन्छ। यद्धपि छुवाछुत ऐन, २०६८ले जातपात-छुवाछुत र सबै प्रकारका सामाजिक विभेदहरूलाई राज्य तथा सिङ्गो मानव समुदायका विरूद्धको अपराध ठहर गर्दै सो ऐनको प्रस्तावनामा लेखेको छः 'प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै धर्म, संस्कृति, प्रथा, परम्परा, संस्कार वा रितिरिवाज वा अन्य कुनै नाममा जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा छुवाछुत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछुत, बहिस्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी राष्ट्रिय एकता अक्षुण्ण राखी समतामूलक समाजको सिर्जना गर्ने सम्वन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले' भन्ने वाक्यांश उल्लेख गरिएको छ।

दलित भन्दा वितिकै जातका आधारमा छुवाछुत र भेदभाव भन्ने बुझिन्छ । यहि जातका आधारमा उनीहरूमाथि अत्यन्त अमानवीय र निकृष्टखालको शोषण र उत्पीडन हुँदै आएको छ।

नेपालमा जातीय असमानता व्यापक छ । यसका पछाडिका अनगिन्ति कारणहरू छन् तर ती मध्ये एउटा प्रमुख कारण नेपालमा सदियौदेखि कायम रहँदै आएको हिन्दुवादी ब्राम्हणवादी राज्यसत्ता नै हो । त्यसकारण हिन्दुवादी ब्राम्हणवादी राज्यसत्ताको अन्त्यसँगै जातीय असमानताको अन्त्य पनि सम्भव छ। हिन्दुवादी ब्राम्हणवादी राज्यसत्ताको सम्वन्ध सामन्तवादसँग बलियो गरी गाँसिएको छ । नेपालमा सामन्तवादको नेतृत्व गर्ने राजतन्त्रको अन्त्य भएर गणतन्त्रको स्थापना त भएको छ तर हिन्दुवादी ब्राम्हणवादी राज्यसत्ताको अन्त्य भएको छैन्। किनभने राजतन्त्रभन्दा पनि बलियो गरी जरा गाडेको छ हिन्दुवादी ब्राम्हणवादले।

हिन्दुवादी ब्राम्हणवादको जरा केहीहदसम्म नेपालमा सञ्चालित दशवर्षे जनयुद्धले हल्लाउन सफल देखिएको थियो। किनभने दशवर्षे जनयुद्धले नेपालका दलितहरूलाई समानस्तरको दर्जा दिएको थियो । शोषणको आधार बनेका अनेकौ साँस्कृतिक तथा धार्मिक पक्षमाथि हमला बोलेको थियो । हिन्दुवादी ब्राम्हणवादीहरू दलितहरूको मुक्ति आन्दोलनबाट अत्तालिएका थिए । किनभने त्यस समय हुने हरेक आन्दोलन र सङ्घर्षका पछाडि माओवादी नेतृत्व र कार्यकर्ताको पङ्क्ति महान् चीनीयाँ पर्खाल भएर दलितहरूको मुक्ति आन्दोलनको नेतृत्व गरेको थियो। साथै त्यो सर्वहारावर्गीय आन्दोलनको राप र तापको भट्टीमा खारिदै थियो । यद्धपि त्यहाँ पनि गैह्र मार्क्सवादी-लेनिनवादी चिन्तनहरू काफि मात्रामा थिए। गैर सर्वहारावर्गीय साँस्कृतिक तथा धार्मिक मान्यताहरू हटिसकेका थिएनन् । त्यसकारण स्वयम सर्वहारावर्गीय आन्दोलनका पक्षधर हरूभित्रै समेत यो विषयलाई लिएर गलत समझदारी तथा भ्रमहरू थिए।

जातीय असमानतासँग साँस्कृतिक तथा धार्मिक पक्ष कसरी जोडिएको छ, त्यसवारे स्पष्टताको खाँचो छ । त्यसकारण यो लेखमा नेपालमा विद्यमान जातीय असमानतालाई खतम पार्न साँस्कृतिक तथा धार्मिक पक्षसंग जोडिएका अन्धविश्वास र भ्रमबारे स्पष्टताको आवश्यकता छ । किनभने नेपालमा साँस्कृतिक तथा धार्मिक पक्षसंग जोडिएका अनेकौ अन्धविश्वास र भ्रमहरूमा सबैभन्दा बढि दलित परिवारहरू नै छन् किनभने उनीहरू नै अरूभन्दा बढी शिक्षा, स्वास्थ्य, कुपोषण, अन्याय, अत्याचार, विभेदआदि बाट पीडित छन् । सबै प्रकारका विकासका प्रतिफलबाट बञ्चीत छन्। त्यसले पनि उनीहरूमा भाग्यवादले बलियो गरी जरा गाडेको छ। समग्रमा गास, वास र कपासबाट पुरै बञ्चीत छन् । उनीहरूमा वर्गीय चेतनाको मिरमिरे उज्यालो दशवर्षे जनयुद्धका दौरान पुग्न थालेको थियो । त्यसकारण तत्कालीन राज्यसत्ताको निर्मम दमन पनि दलित वस्तिमाथि ज्यादा भएको छ, किनभने सामन्तवादी राज्यले दलितलाई मानिस नै मान्न तयार थिएन् र तिनीहरूको वस्ति देशका दुर्गम र अन्कण्टार ठाँउमा पनि भएकाले प्रतिक्रियावादीका लागि दमन गर्न र युद्धमा मारिएका लासहरूलाई वेपत्ता बनाउन उनीहरूलाई सजिलो थियो । फेरी क्रान्तिले त्याहाँ छिटो फैलावट हुन्छ जहाँ दमन, अन्याय र अत्याचार बढी हुन्छ। साथै माओवादीले उठाएका एजेण्डाहरू र उनीहरूले चलाएको साँस्कृतिक आन्दोलन र क्रान्तिका दौरानमा उनीहरूले दलितहरूप्रति गरेका व्यवहार समतामुलक र समावेशी थिए। दलितहरूले आफ्नो वास्तविक मुक्ति माओवादीले उठाएको झण्डा मुनी गोलवन्द हुँदा देखे। परिणाम नेपालका अन्य जातीमा भन्दा माओवादीको साँगठानिक आधार नेपालका मधेस, पहाड र हिमालका दलित वस्तिहरूमा पऱ्यो । परिणाम माओवादी जनयुद्धमा दलितहरू परिवारका परिवार बत्तिमा पुतली होमिएझै होमिए। अहिलेसम्म जनयुद्ध तथा हरेक जनआन्दोलनमा १२सयभन्दा बढी दलितले सहादत प्राप्त गरेका छन्।

नेपालमा सदियौदेखि कायम भएको ब्राम्हणवादी राज्यसत्ताको कारण दलितहरूमाथि उत्पीडन लादिएको हो भन्नेमा नेपालमा आम सहमति छ । तर त्यसबाट कसरी मुक्ति मिल्दछ भन्ने बारेमा फरकफरक दृष्टिकोणहरू छन् । सामन्तवादीहरू र पुँजीवादीहरूको दृष्टिकोणहरूको साथै मार्क्सवादी-लेनिनवादी दृष्टिकोणमा आधारित घेरै राजनीतिक दलहरू यो सवालमा विभाजित छन । तिनीहरूका दलित प्रतिका नीतिहरूबारे वहुसंख्यक दलितहरूमा प्रशस्त भ्रमहरू छन् । सामन्तवादले दलितहरूको भलाई गर्न सक्दैन, यो इतिहासले स्पष्ट पारेको कुरा हो, तर के पुँजीवादी व्यवस्था अन्तरगत दलितहरूको मुक्ति सम्भव छ ? यो बारे अझै नेपालका दलितहरू स्वयममा पनि प्रशस्त भ्रमहरू छन् । अहिले पनि काफी दलितहरू पुँजीवादी राजनीतिक दलहरूको झण्डामूनी आफ्नो मुक्तिको सपना देखेर लागिरहेका छन्। उनीहरूले वाँडेको 'लोकतन्त्र र समाजवाद'को गुलियो चक्किमा आफूहरूलाई आकर्षित गराएका छन्।

सदियौदेखि नेपालमा कायम रहदै आएको सामन्तवादमा आधारित ब्राम्हणवादी राज्यसत्ताको कारण नेपालका विभिन्न जात, जाति र खासगरी दलितहरूमाथि शोषण, उत्पीडन हुँदै आएको छ। त्यसकारण यो स्पष्ट छ कि सामन्तवादमा आधारित ब्राम्हणवादी राज्यसत्ताको उन्मूलन नै उनीहरूको मुक्ति हो । जनआन्दोलन २०६२-०६३ले ब्राम्हणवादी राज्यसत्ताको बलियो आधार भएको दुई सय चालिस वर्षदेखि नेपाली जनतामाथि शासनगर्दै आएको नेपालको शाहवंशीय राजतन्त्रको अन्त गरेर गणतन्त्र नेपालको स्थापना गरेको छ। तर राजतन्त्रको अन्त्य भएता पनि सामन्तवादमा आधारित ब्राम्हणवादी राज्यसत्ताको अन्त्य चाही भएको छैन्। किनभने 'ब्राम्हणवाद' शव्द मूलतःधर्मसंग सम्वन्धित छ र मूलतः हिन्दुधर्मसँग सम्वन्धित छ । किनभने पौराणिककालतिर 'ब्राम्हणवाद' को अर्थ वेद तथा उपनिषद आदि धार्मिक ग्रन्थहरूद्वारा निर्दिष्ट कर्मकाण्डको आधारमा अवलम्वन गरिएको जीवनदर्शनलाई जनाउदथ्यो । पछि गएर यसले आफूलाई 'पौरोहित्याईवाद'को रूपमा अगाडि ल्यायो । यो मूलत धार्मिक ब्राम्हणवर्गमा पाईने नितान्त स्वार्थी, जातीय सर्वसत्तावादी मानसिकता, मनोवृत्ति एवं त्यसको आधारमा स्थापित तथा सञ्चालित पद्धति हो। यसको जरो नेपालको सन्दर्भमा सामन्तवादी राज्यसत्तासंग जोडिएको छ, त्यसैकारण नेपालको सामन्तवादी राज्यसत्तालाई ब्राम्हणवादी राज्यसत्ता पनि भनिन्छ । तर यसको अर्को पक्षबारे पनि हामि त्यत्तिकै सचेत हुनै पर्छ, त्यो भनेको के नेपालमा सामन्तवादी राज्यसत्ताको अन्त्य हुदैमा 'ब्राम्हणवाद' र 'पौरोहित्याईवाद'को अन्त्य स्वतः हुदैन् । किनभने 'ब्राम्हणवाद' र 'पौरोहित्याईवाद'को अस्तित्व केवल हिन्दु धर्मालम्वीहरूमा मात्रै छैन्, अन्य धर्मालम्वीहरू जस्तै वौद्व, क्रिस्चियन, मुस्लिम आदिमा पनि यसले बलियोगरी जरा गाडेको छ। ती सबै धर्मालम्विहरूको बीचमा पनि शोषित पिडित र दलितहरू छन। त्यहाँ पनि काफी हदसम्म एक वा अर्को तरीकाले 'पौरोहित्याईवाद'को अस्तित्व छ । त्यसकारण सामान्य अर्थमा सामन्तवादको अन्त्य भएर त्यसको स्थानमा अन्य वुर्जुवाखालको राज्यसत्ता स्थापना भएमा त्यसको अन्त्य हुन्छ भनेर कल्पना गर्नु गम्भीर गल्ती गरेको ठहर्छ । सामन्तवादी राज्यसत्ताको अन्त्य पछि आउने पुँजीवादी व्यवस्थामा यसको अस्तित्व रहिरहेका प्रशस्त उदाहरणहरू छन्। नेपाल पनि यसवाट अलग रहन सक्दैन्।

त्यसकारण नेपालको सन्दर्भमा पनि यसबाट निराकरणको सही मार्ग खोज्न सहयोग गर्ने हतियार भनेको मार्क्सवादी-लेनिनवादी विश्व दृष्टिकोण नै हो । यो भनेको सर्वहारावर्गिय विश्व दृष्टिकोण हो । मार्क्सवादवारे तथा मार्क्सवादी विश्व दृष्टिकोणवारे लेनिनको निम्न भनाईले नेपालमा जातीय समानताको निम्ति अपनाउन पर्ने क्रान्तिकारी दिशाको निर्धारण गर्न र दलितवर्गको मुक्ति तथा अन्य जाति तथा जनजातिको मुक्तिको मार्गलाई सुनिस्चित गदर्छ। यसमा जोड दिदै लेनिन भन्नु हुन्छ " मार्क्सवादी सिद्वान्त सर्वशक्तिमान छ, किनभने यो सत्य छ। यो व्यापक तथा सुसंगत छ र यसले मानिसहरूलाई यस्तो सिंगो विश्व दृष्टिकोण प्रदान गर्छ, जुन कुनै पनि रूपको अन्धविश्वास, प्रतिक्रियावाद वा पुँजीवादी उत्पीडनप्रति समर्थनको विरोध गर्छ।"

समग्र दलितहरूको मुक्तको सही दिशा निर्देश गर्नु महत्वपूर्ण छ तर त्यो आफैमा प्राप्त हुदैन, किनभने त्यसको प्राप्तिको निम्ति एउटा क्रान्तिकारी संगठनको कर्तव्य भनेको प्रथम त्यस्ता कार्यकर्ताको पहिचान र छनोट हो, जसले आफ्ना नाराहरूलाई कार्यक्रमको रूप दिएर सवै शोषित पीडितहरूको बीचमा स्थापित गराउन सहयोग गर्छन् र दोस्रो उनीहरूलाई 'सर्वहारावर्गीय दृष्टिकोण' र 'मापदण्ड'को आधारमा सैद्धान्तिक र वैचारिक रूपमा प्रशिक्षित, सङ्गठित र आन्दोलित गराउदै लैजाने काम गर्छन् । यसको निम्ति देशमा हजारौको संख्यामा त्यस्ता कार्यकर्ताको जरूरत पर्दछ जो जनसमुदायसंग मिलेर काम गर्न तयार छन र त्यसको निम्ति प्रशिक्षित छन। नेपालका दलितहरू भनेका नेपालमा विद्यमान सवै प्रकारमा शोषणका प्रतिक हुन, त्यसैकारण दलितको मुक्ति आन्दोलनमा सहभागि दलित कार्यकर्ताहरूको दैनिक आवस्यकता, पारिवारिक खाँचो पुरा गराई दिने वैकल्पिक उपाय आदि वारे जानकारी लिनु र त्यसको निराकरण गर्न प्रयास गर्न उनिहरूसंग नियमित भेटघाट र बैठकहरू गर्नु र उनिहरूले गरेका कामका प्रयासहरूलाई अगाडि वढाउन सहयोग र समर्थन जुटाउनु एउटा क्रान्तिकारी संगठनको महत्वपूर्ण काम हुन जान्छ। वर्तमानमा त्यस्ता राजनीतिक दल तथा संघ संगठनहरूको कुनै कमी छैन जसले क्षेणिक रूपमा दलितहरूको आवश्यकतालाई पैसा दिएर, विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरूमा जागिर दिएर उनीहरूलाई आकर्षित गरिरहेका छन् । तर त्यसबाट दलितको एउटा परिवार तथा केही परिवारहरूको आर्थिक तथा सामाजिक प्रतिष्ठामा क्षेणिक ( आफ्नो जीवनभर वा वढिमा एक वा दुई पुस्ता) फरक आउला तर समग्र दलितको मुक्ति आन्दोलनमा र सर्वहारावर्गको मुक्ति आन्दोलनमा आमुल फरक ल्याउदैन् । तीनका आउने पिंढी पुनः दलितको दलितनै रहिरहने वढता सम्भावना रहन्छ । यो आमुल परिवर्तनको महान जिम्मेवारी त्यस्तो पार्टीले लिन सक्दैन जसले साम्राज्यवाद र विस्तारवाद प्रतिको झुकाव र उनीहरूको सहयोग र समर्थनमा मात्रै सत्तामा जाने सपना देख्दछ । यस्तो चरित्र र प्रवृत्ति भएका दल तथा नेताहरूले सधैभरि ती साम्राज्यवादी र विस्तारवादी देशहरूलाई कसरि खुसि राखिरहने र उनीहरूको चित्त नदुखाउनमा नै आफूलाई केन्द्रीत गर्नमा रहन्छ । यसको साथै ती साम्राज्यवादी र विस्तारवादी देशहरूले विभिन्न जाति जनजाति, धर्म सम्प्रदायका मानिसहरूसँग पनि आफ्नो पहुँच र प्रभावमार्फत नेपालको वामपन्थी आन्दोलनलाई कमजोर र दिग्भ्रमित पार्ने काममा आफ्नो शक्ति लगाएका हुन्छन र कतिपय राजनीतिक शक्तिहरूले उठाएका जातिवादी वा क्षेत्रीय प्रकारका नाराहरूलाई सहयोग र समर्थन दिएर आफ्ना राजनीतिक तथा साम्राज्यवादी र विस्तारवादी स्वार्थहरू पूरा गर्न प्रयत्न गरिरहेका हुन्छन् । त्यसबाट जातीय वा क्षेत्रीय विद्वेषहरू वढ्ने सम्भावना रहने छ र जनताको ध्यान दलितहरूको वास्तविक मुक्ति आन्दोलनबाट टाढा गराउन मद्त मिल्ने छ।

नेपाल र नेपालीको स्वाभिमान र स्वतन्त्रतासँग नै गाँसिएको यो सवाल वर्गिय रूपले मार्क्सवादी-लेनिनवादी विचार र सिद्धान्तसँग गाँसिएको सवाल हो । त्यसकारण दलितहरूको मुक्तिलाई समग्रमा वर्गिय तथा राष्ट्रिय मुक्ति आन्दोलनसँग नजोडिकन नेपालका दलितहरूको मुक्तिको आशा गर्नु भनेको मार्क्स देखि माओ सम्मले सधैभरि " आखिर सवै कुराको फैसला सही सिद्वान्तमा आधारित राजनीतिले गर्दछ" भन्ने विज्ञान सम्मत भनाईको विपरित जानु हो, दलितहरूको मुक्तिलाई अध्यारो खाडलमा लगेर खसाल्न सहयोग गर्नु हो।

*hukumsingh2012@yahoo.com*

## यसकारण...

सत्तामा टिकिरहने आशाले भुतपूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले भारत भ्रमणका क्रममा २०७३ आश्विन ३१ गते (१६ सेप्टेम्बर २०१६) ले राष्ट्रघाती २५ बुँदे सम्झौता (संयुक्त वक्तव्यमा हस्ताक्षर) गरे।

पछिल्लो पटक दाहालले भारतसँग गरिएको यस राष्ट्रियघाती २५ बुँदे सम्झौता आर्थिक लाभ, सुरक्षा, सत्तामा पुग्न र सत्तामा टिकिरहनका निम्ति प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाले वैदेशिक शक्तिहरूका सामु झुक्दै लम्पसार परेर सुरु गरेको दलालीकरण, आत्मसमर्पण, चाकरीवाद, च्याप्लुसीवादी लम्पसारवादको निरन्तरताको अन्तिम कडीको रूपमा लिन सकिन्छ।

भारतीय विस्तारवादी शासकहरूले पहिलेदेखि चासो राख्दै आएको नेपाललाई भारतीय सुरक्षा छाताभित्र राख्ने योजना सफल भइरहेको थिएन तर यसपटक वर्तमान भारतीय शासकहरू नेपालका प्रधानमन्त्री दाहालद्वारा २५ बुँदे राष्ट्रघाती सम्झौतामार्फत नेपाललाई भारतको सुरक्षा छाताभित्र राख्ने सहमतिपत्रमा हस्ताक्षर गराउन सफल भएको छ । यस कारणले पनि प्रचण्ड विगतका सबै राष्ट्रघाती शासकहरूमध्ये नम्बर १ राष्ट्रघाती शासकका रूपमा दर्ज हुन पुगेका छन्। यस परिघटनाले नेपाल विगतभन्दा झन् आज राष्ट्रिय स्वाधीनताको धरापमा पर्न पुगेको छ।

**प्रचण्डको लम्पसारवादमा पतन**

भारतीय विस्तारवादी शासकहरूको सहयोग र समर्थनमा प्रधानमन्त्री बन्न सफल भएका प्रचण्डले सत्तामा टिकिरहनका निम्ति भारतीय शासकवगरूका सामु लम्पसार परेर आत्मसमर्पण गर्दै आएका शृङ्खलाहरू थप्दै अगाडि बढिरहेका छन्।

२०७३ कात्तिक १७ देखि १९ गतेसम्म भारतका राष्ट्रपति मुखर्जीले नेपालको औपचारिक भ्रमण गर्ने क्रममा प्रधानमन्त्री दाहालले आवश्यकताभन्दा बढी उन्माही शैलीमा जुन एक दिन सार्वजनिक बिदा दिनु, मुखर्जीलाई ठाउँ-ठाउँमा नागरिक अभिनन्दन गराउनेदेखि लिएर कामपाको साँचो हस्तान्तरण गरेर राजाकालीन इतिहासको स्मरण गराउनेदेखि लिएर महाविद्यावारिधीको उपाधिसमेत पहिराउने जुन हर्कत गरे ती सबै उनको लम्पसारवादको पराकाष्टा हो । दलालीकरण र आत्म-समर्पणमवादको पराकाष्टा हो चाकरीवाद र चाप्लुसीवादको पराकाष्टा हो। सत्ता आशावादको जुन भद्धा, कुरूप नमूना प्रदर्शन गरियो यो प्रचण्डको लम्पसारवादको नाङ्गो रूप हो।

सत्ता र स्वार्थका निम्ति भारतीय विस्तारवादी शासकहरूका सामु चाकरी, दलाली र च्याप्लुसीका सबै रूप र तरिकाहरू प्रयोग गर्नु प्रचण्डको लम्पसारवादको भद्दा र कुरूप संस्कृति र दासत्वबोधको परिचय बाहेक अरू केही पनि थिएन।

कालापानी, लिम्पियाधुरा र लिपुलेक क्षेत्रको नक्सा भारतले पहिलेदेखि नै आफ्नो नक्सामा गाभिसकेको थियो । तर सार्वजनिक गरेका थिएन । २०७२ जेठ १ गते भारत र चीनका बीचमा लिपुलेकमा सम्झौता हुने बेला लिपुलेक भारतकै नक्सामा रहेको भन्ने चिनियाँहरूको दाबी थियो । तत्कालीन सुशील कोइरालाको सरकारले कुनै जानकारी नभए जस्तै मौनता साँध्यो।

अहिले ओली नेतृत्वको सरकाले भारतसँग कुटनीति र राजनीतिक तबरबाट समाधन गर्ने तयारी गरिरहेको देखिन्छ । भारतसामु अन्तिमसम्म अडिरहन्छ कि रहँदैन हेर्न बाँकी छ।

नेपालको शासकहरू भारत शासकहरूक सामु लम्पसार पर्दै आएका कारण भारतले नेपाललाई हेप्दै आएको कुरा माथिका तथ्यहरूबाट प्रष्ट हुन्छ।

## जनताले...

मोर्चा नेपालका केन्द्रिय अध्यक्ष सिपि गजुरेल गौरवले दलाल संसदीय व्यवस्था जनताको बिचमा बद्नाम र अलोकप्रिय मात्रै नभई असफल समेत भएकोले जनताले यो व्यवस्थाको विकल्प खोज्न सुरु गरेको र जनचाहना अनुसार नै पार्टी र मोर्चाले उप( निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको बताउनुभयो । सरकार गठनको २१ महिना नपुग्दै वर्तमान ओली सरकारले ५७ वटा जनघात र राष्ट्रघात गरेको दृष्टान्त पेश गर्दै अध्यक्ष गजुरेलले जनतालाई सरकारले दिने झुटा नारा र भ्रममा बिश्वास नगर्न अपिल समेत गर्नु भयो। दलाल, भ्रष्ट, तस्कर र कामचोर ठेकेदारहरूको हालिमुहाली र पैसाको खोलो बगाएर हुने यस प्रकारको चुनावी प्रतिस्पर्धाले राम्रो र सापेक्षित इमानदार नेतृत्व निर्वाचित हुन नसक्ने जिकिर गर्दै जनता सचेत र चनाखो हुने समय आएको बताउनु भयो।

त्यसैगरी, नेपालको राष्ट्रियता इतिहास कै कमजोर अवस्थामा पुगेको र हरेक स्वाभिमानी देशभक्त नेपालीले यसलाई गम्भीरतापुर्वक लिनु पर्ने र बृहत राष्ट्रिय एकता कायम गर्न विलम्ब गर्न नहुने धारणा राख्नु भयो । उहाँले यदि देशै नरहे हाम्रो अस्तित्व पनि नरहने भन्दै नेपाली सेना प्रहरीलाई पनि राष्ट्रिय स्वाधीनताको आन्दोलनमा सहभागी हुन अपिल गर्नु भयो। भारतले सुगौली सन्धिमा भएको हस्ताक्षर र सहमतिलाई मान्न तयार हुनुपर्छ, यदि उनीहरू त्यो सहमतिको विरुद्धमा जान्छन भने हामीले पनि आगामी विकल्पका बारेमा सोच्ने भन्दै हाम्रो गुमेको सम्पुर्ण भुभाग फिर्ता गर्ने तागत नेपाली जनतामा भएको र यसलाई नजर अन्दाज नगर्न भारतीय शासकलाई सचेत गराउनु भयो । कार्यक्रममा पार्टी निकट सल्लाहकार समिति सदस्य ज्ञानेन्द्रमान श्रेष्ठ, देजमो नेपालका केन्द्रीय सदस्य श्रीकृष्ण शुलु सहितले आफ्नो धारणा राख्नु भएको थियो। देजमो नेपाल ३ नम्बर प्रदेश अध्यक्ष पवनमान श्रेष्ठले अध्यक्षता गर्नु भएको उक्त कार्यक्रमको उद्घोषण भरत बुर्जाले गर्नु भएको थियो।

## प्रहरी...

बोल्ने बक्ताहरूले कालापानी लिपुलेक र लिम्पियाधुरामा भारतीय अतिक्रमण भएका यस समयमा निर्वाचन गरिएको प्रति आक्रोश ब्यक्त गर्दै निर्वाचनमा सहभागी नहुन जनतामा अपिल गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि नेकपा क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य एंव प्रदेश ५ का सेक्रेटरी प्रमोदले समान्य बिरोध सभालाई समेत गर्न नदिने अभ्यास लोकतान्त्रिक नभई फासीवादको अभ्यास भएको बताए । उनले राष्ट्रियताको पक्षमा शान्तिपुर्ण आन्दोलन गर्न नदिने त्यसको बिफोष्ट हुने चेतावनी दिए। उनले सुरक्षाकर्मीहरू जनतालाई दमन गर्न भन्दा सिमामा तैनाथ हुनुपर्ने बताए।

त्यस्तै कार्यक्रममा पार्टीका बैकल्पिक पोलिटब्युरो सदस्य संकुलले सिमा मिचिदाँ सिमा नबोल्ने राष्ट्रघातीका बिरुद्ध जनताले बिद्रोह गर्ने अधिकार रहेको बताए । कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिवालय सदस्य हिरामणी दुखीले प्रहरीले विहीवार पार्टीको पर्चा पम्पलेट तथा माइक खोसेर नेता कार्यकर्तालाई दमनका उत्रिएको प्रति निन्दा ब्यक्त गरे । कार्यक्रममा बोल्दै क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा दाङ जिल्ला ईञ्चार्ज समिरले सुरक्षाकर्मीले बन्दुकको आडमा दमन गरे जनताको तर्फबाट पनि बन्दुक उठने बताए । कार्यक्रम पार्टीका बैकल्पिक पोलिटब्युरो सदस्य शिशिरको अध्यक्षता एंव समिरको संचालन रहेको थियो। सभा अघि उपनिर्वाचन बहिस्कार तथा राष्ट्रियताको रक्षाको नारा लगाउदैं जुलुस निकालिएको थियो। कार्यक्रम स्थलमा जनपद तथा सशस्त्र परिचालन गरिएको थियो।

## सम्मेलन...

हस्ताक्षरमा जारी विज्ञप्तिमा 'सम्मेलनका बारेमा आवश्यक जानकारी सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको' जनाइएको छ ।

**यस्तो छ विज्ञप्तिको पूर्णपाठः**

**विषयः प्रेस विज्ञप्ति**

हाम्रो गौरवशाली पार्टी नेकपा (क्रान्तिकारी माओवादी)को ३ नं प्रदेशको प्रथम सम्मेलन यहि कार्तिक २९, ३० र मंसिर १ गते भव्यताका साथ सम्पन्न भएको छ । यस सम्मेलनका बारेमा आवश्यक जानकारी सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१) नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशको प्रथम प्रदेश सम्मेलनको उद्घाटन यहि कार्तिक २९ गते ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका चाँगाथलीस्थित चाँदनी ब्याङक्वेटमा एक भव्य समारोहका बीच सम्पन्न भएको छ । पार्टी सम्मेलनका प्रतिनिधि, पर्यवेक्षक, आयोजक र स्थानीय जनताको उपस्थितिमा ३ नं. प्रदेशका सेक्रेटरी तथा पोलिटव्युरो सदस्य क. सागरको सभापतित्वमा तथा पार्टीका स्थायी समितिका सदस्य तथा मध्य व्युरो इन्चार्ज क.गौरवको प्रमुख आतिथ्यमा उद्धाटन कार्यक्रम सम्पन्न भएको थियो ।

देश र जनताको मुक्ति आन्दोलन तथा महान् जनयुद्धमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात महान् शहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गरी शुरु भएको उक्त कार्यक्रम लगत्तै कम्युनिष्टहरूको अर्न्तराष्ट्रिय गीत गायनले हल गुञ्जायमान भयो । सम्मेलनको उद्धाटन तालीका गड्गडाहट वीच प्रमुख अतिथी क.गौरवले पानसमा बत्ती बालेर गर्नुभयो । उद्धाटन मन्तव्यमा देशको राष्ट्रियता गंभीर संकटमा परेको कुरा औंल्याउनु हुँदै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या हल गर्न नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको कुरामा जोड दिनु हुँदै सम्मेलनको भव्य सफलताको शुभकामना दिनु भएको थियो । यसका साथै केन्द्रीय सल्लाहकार समितिका सदस्य क.रामप्रसाद र सहिद/बेपत्ता परिवारका तर्फबाट क.बि.बि. हमालले सम्मेलन सफलताको शुभकामना दिनु भएको थियो । सो कार्यक्रममा पोलिटव्युरो सदस्य क.प्रभाकिरणबाट स्वागत मन्तव्य मार्फत अतिथि, प्रतिनिधि तथा पर्यवेक्षकहरूको स्वागत तथा कार्यक्रम संचालन पोलिटव्युरो सदस्य क. प्रवेशबाट गरिएको थियो ।

२) **बन्द सत्र**

क) बन्द सत्र संचालनका लागि क.उदय, क. मिं र क. जिसहित तीन जनाको अध्यक्ष मण्डल हलले चुन्यो र अध्यक्ष मण्डलको अध्यक्षमा क. मिं चुनिनुभयो ।

ख) अध्यक्ष मण्डलद्वारा संचालित बन्द सत्रमा ३ नं. प्रदेशका सेक्रेटरी क. सागरले 'राष्ट्रिय स्वाधीनताको रक्षा,जनतन्त्र र जनजीविकाका लागि सशक्त प्रतिरोध आन्दोलन !' 'नयाँ जनवादी क्रान्तिको तयारीका लागि ३ नं.प्रदेशको सम्मेलन !!' मूल नार ासहितको राजनैतिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

ग) हलमा उपस्थिति प्रतिनिधि, पर्यवेक्षक र आयोजक सदस्यहरूको नौवटा टोली बनाई राजनीतिक प्रतिवेदन उपर गंभीर छलफल र बहस गर्ने काम भयो । नौ वटै टोलीका ग्रूप लिडरहरूबाट आफ्नो टोलीको छलफलमा उठेका जिज्ञासा, प्रश्न र महत्वपूर्ण सुझावहरू राख्ने काम भयो ।

घ) विभिन्न टोलीबाट उठेका जिज्ञासा, प्रश्न र सुझावहरूबारे प्रतिवेदनका प्रस्तोता प्रदेशका सेक्रेटरी क.सागरबाट गंभीर ढंगले छलफल भई टोलीहरूबाट आएका सही र आवश्यक सुझावहरू समेटी प्रतिवेदन परिमार्जन गरिने कुरा हलमा राखियो र परिमार्जित प्रतिवेदन एक मतले पारित भयो ।

ङ) प्रतिवेदन पारित भइसकेपछि सेक्रेटरी कमरेडबाट ५१ पूर्ण र १७ वैकल्पिक प्रदेश सदस्यका लागि ४९ पूर्ण र १७ वैकल्पिक सदस्यहरूको प्यानल पेस भयो । प्यानलमाथि हलमा आवश्यक छलफल र बहस पश्चात उक्त प्यानलाई हलले एकमतले पारित गऱ्यो ।

चु) उक्त पारित प्यानलले प्यानलका जेष्ठ सदस्य क. मिंको अध्यक्षतामा बसेको संक्षिप्त बैठकले प्यानलका सदस्य तथा पार्टी पोलिटव्युरो सदस्य क. प्रवेशलाई सेक्रेटरीमा निर्वाचित गऱ्यो ।

छ) नवनिर्वाचित प्रदेश समितिका निर्वाचित सेक्रेटरी क. प्रवेशले उक्त समितिको तर्फबाट प्रतिबद्धतता व्यक्त गर्नु हुँदै सबै कमरेडहरूको सहयोगमा ३ नं. प्रदेशले नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्ने कुरा राख्नुभयो । तत्पश्चात् प्रमुख अतिथी क. गौरवले निर्वाचित समितिको कार्यकालको सफलताको कामना गर्नु हुँदै नयाँ जनवादी क्रान्तिका लागि यसले महत्वपूर्ण भुमिका खेल्नका लागि शुभकामनासहित बधाई दिनु हुँदै सम्मेलन भव्यतापूर्वक सफल भएको घोषणा गर्नुभयो ।

ज) नेतृत्वको चयनपछि पोलिटव्युरो सदस्य क. प्रभाकिरणले समसामयिक राजनैतिक प्रस्ताव पेस गर्नुभयो र यसलाई हलले एक मतले पारित गऱ्यो ।

झ) अन्त्यमा अध्यक्ष मण्डलका अध्यक्ष क. मिंले सम्मेलन भव्यतापूर्वक सफल भएको घोषणा सहित सम्मेलन सफल पार्न महत्वपूर्ण भुमिका खेल्नु हुने सबैमा धन्यवाद ज्ञापन गरी बन्द सत्र तथा सम्मेलनको समापन भएको घोषणा गर्नुभयो । उक्त घोषणा लगत्तै राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धि क्रान्तिकारी गगनभेदी नाराहरू लगाउने काम भयो ।

क्रान्तिकारी अभिवादनसहित

क.प्रवेश — *सेक्रेटरी*

क.सागर — *इन्चार्ज*

## भारतीय...

मिचिएको छ र त्यो हाम्रै हुनु पर्छ र यसको निमित्त संघर्ष गर्न तयार हुने नेपालीहरू एकजुट हुनु पर्दछ । हामी यसको निमित्त पहल गरिरहेका छौं र गरिनै रहने छौं ।

जो जो जहाँसुकै भए पनि देशको सार्वभौमिकता र अखण्डता जोगाउने विषयलाई नै केन्द्रमा राखेर अघि बढाउन लागिएको यो अभियानमा सबैको सहयोग र सहभागिताको अपेक्षा गरेका छौं । हामी सबै नेपालीलाई सक्नु हुन्छ यो अभियानमा सकृयरूपमा लाग्नुस्, यदि सक्नु हुन्न भने वैचारिक, आर्थिक र अन्य सहयोग गर्नुहोस् भनी आह्वान गर्न चाहन्छौं । हाम्रो चाहना छ, कुनै नेपाली राष्ट्रघाती नबनोस् । नेपालमा लेण्डुप दोर्जेहरू नजन्मुन् ।

सुदुर पश्चिमको दार्चुला जिल्लाको लिन्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रको भारतीय अतिक्रमणमा परेको भूभागको क्षेत्रफल : ३७२ वर्ग कि मि छ, जुन काठमाडौं उपत्यकाको भक्तपुर जिल्ला भन्दा ३ गुना बढी छ । यतीमात्र होइन, सुस्ता, महेशपुर लगायत देशका ७४ भागमा सीमा अतिक्रमण भएको छ ।

यो भूभाग सन् १८१६ को सुगौली सन्धीको धारा ५ उल्लेख भए अनुसारको --काली नदी (अर्थात् हालको महाकाली नदी) भन्दा पश्चिमको भूभाग हो । उक्त सन्धीमा उल्लेख भए अनुसार "महाराजा र मौसुफका उत्तराधिकारीव्दारा यसभन्दा पश्चिमको भूभाग र त्यहाँ बसोबास गर्नेहरू सँगको सम्वन्धलाई परित्याग गरिबक्सने छ" भनिएको छ । उल्लेखित काली वा महाकाली नदीको उद्गम लिम्पियाधुरा भन्ने दर्जनौं प्रमाण हामी सँग छन्ः तिरो तिरान, लालमोहर- इस्तिहार- सनद, जनगणना, जल विज्ञानको आधार, जनताको बयान इत्यादि ।

तर भारत सरकारले लिपुलेकको सानो खोल्सी लिपुखोलालाई नक्कली मुहान सिर्जना गरेर त्यस भन्दा पश्चिमको ३७२ वर्ग कि मि क्षेत्र हड्पिरहेको छ । एउटा राष्ट्रले यस प्रकारको किर्ते काम गरेर अर्काको जमिन मिच्नु लाजमर्दो कुरा हो । त्यसैले भारत सरकारले अविलम्ब कालापानीबाट आफ्ना सेना फिर्ता गरी त्यो क्षेत्र नेपाललाई सुम्पनु पर्दछ ।

सुगौली सन्धी भए पछिको नेपालको कुल क्षेत्रफल १,४७, १८१ वर्ग कि मि कायम हुँदै आएको छ । सातैवटा प्रदेशको क्षेत्रफल जोड्दा त्यत्तीनै पुग्नु पर्ने हो । तर त्यसमा १००१९ वर्ग कि मि पुग्दैन भन्ने तथ्यांक छ । प्रश्न :उठ्छ त्यो जमिन कता गयो ? हाम्रो सिमाना जोडिएका देश भनेको चीन र भारत हुन् । चीन तिर हाम्रो जमिन मिचिएको छैन भने जाने ठाउँ कता हो ? स्पष्टरूपमा यसले दक्षिण तिरै संकेत गर्दछ ।

त्यस क्षेत्रमा भारतको तीनैवटा सुरक्षा अंगको उपस्थिति रहेको छ । हरेक ४ कि.मि.को दुरीमा एउटा चौकी छ । तर,नेपालको उपस्थिति करिव सून्य छ । तीन दिन पैदल हिँड्दा बल्ल एउटा चौकी फेला पर्ने तर तिनमा पनि असुरक्षा र आवश्यक सुविधाको अभाव देखाएर कोही पनि नबस्ने गरेको जानकारीमा आएको छ । यसरी नेपालका विभिन्न सरकारहरूले यो क्षेत्रलाई सुरक्षाँको दृष्टिले लावारिस जस्तो बनाउँदै आएका छन् । यसले पनि भारतीय पक्षलाई रजाईं गर्न सजिलो भएको छ ।

सामरिक हिसाबले कालापानी ज्यादै महत्वपूर्ण धरातल भएको हुनाले र भारतको राजधानी दिल्लीबाट चीनको सिमानामा पुग्ने सबैभन्दा छोटो नाका भएको कारणले पनि यसलाई सुनको टुक्रा जस्तो ठानेको छ, भारतले ।

रुसले एक प्रकारको शित मरुभूमि जस्तो बिशाल साइबेरियाको क्षेत्रको पनि एक एक इंच जमिनको सुरक्षा गरेको छ । समुदी सिमानाको पनि सबै देशले चौबिसै घण्टा रक्षा गरेका छन् । तर, दुर्भाग्य हाम्रो देशका सरकारले सीमा सुरक्षामा ध्यान दिँदै नदिएको पाइएको छ ।

आजभन्दा झण्डै डेढ बर्ष अघि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल तथा क्रान्तिकारी युवालिगले भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेक आफ्नो देश भित्र पारेर बनाएको नक्शाका विषयमा पटक पटक विरोध कार्यक्रम गरेका थिए । लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूभाग मिचिएको नक्शा सहित नगर पालिका, मन्त्रालय आदिमा गएर त्यस प्रकारको नक्शा राखेकोमा विरोध गर्दै वास्तविक नेपालको नक्शा देखाएका थियौं । २०७५ साल फागुन ७ देखि २१ सम्म मेची महाकाली अभियान संचालन गरेर काठमाडौं, पोखराका साथै तराईका सबै जिल्लामा यो नक्शालाई ठुलो बनाएर टाँगेर जनताका वीचमा प्रचार प्रसार गरेका थियौं । त्यतीखेर यो अतिक्रमणको विरोधमा आवाज उठाउने हामी मात्र थियौं, हामी एक्लै थियौं ।

तर आज सबै पक्षले हाम्रो भूभाग अतिक्रमणमा परेको छ र भारतीय सेनालाई फिर्ता गराएर यो भूभागलाई मुक्त पार्नु पर्छ र भारतले बनाएको यो नक्कली नक्शा खारेज गरी यी भूभाग भारतको नक्शाबाट हटाएर नेपालमा पार्नु पर्छ भनिरहेका छन् । यस विषयमा सम्पूर्ण देश नै एकतावद्ध भएको जस्तो देखिन्छ । हाम्रो लागि यो खुसिको कुरा हो । हामीले यसलाई एउटा सफलता नै ठानेका छौं ।

हाम्रो अगाडि उपस्थित मुख्य प्रश्न हो - अब यो भूभागबाट भारतीय सेना कसरी फिर्ता गराउने ? कसरी भारत सरकारलाई यो नक्शा बदर गराई माथि उल्लेखित नेपाली भूभाग अंकित नेपालको नक्शा तयार पार्न वा त्यसका सहमत गराउन सकिन्छ ।

यो सरकारका प्रधान मन्त्री ओली, सत्ताधारी पार्टीकै अन्य नेताहरूले भारतीय सेना हटि हाल्छ, यो भूभाग छिमेकीले छाडि हाल्छ भन्ने किसिमका अभिव्यक्ति दिइरहेका छन् । तर छिमेकीको चरित्र र विगतका अनुभव समेतका आधारमा के भन्न सकिन्छ भने यो काम त्यती सजिलो छैन । मोदी सरकारले लगाएको नाकाबन्दी खारेज गर्न त कती कठिन भयो ?

करिव ५५ वर्ष देखि कब्जा जमाएर बसेको भारतले सजिलै त्यो क्षेत्र खालि गरिहाल्छ भन्नु महाभूल मात्र होइन, मूर्खता पनि हुनेछ । यसले राष्ट्रिय स्वाधिनता र अखण्डताका विषयमा जागरुक र आन्दोलित हुँदै गएको अवस्थामा कतै जनतालाई अल्मल्याउने र आन्दोलनलाई सिथिल बनाउने काम मात्र त गर्ने होइन ? यो प्रश्न गम्भीररूपमा उठ्न थालेको छ । भारत सरकारका तर्फबाट नेपाली भूभाग कालापानीमा राखिएका भारतीय सैनिक त्यहाँ राख्नु र लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नक्शा निकाल्नु सहि नै भएको वक्तव्य आइरहेका छन् । यसबाट के बुझ्न सकिन्छ भने अन्तिम दम सम्म भारतले आफ्नो हठ छाड्ने संभावना देखिँदैन ।

यी हरफहरू लेखिँदा सम्म विभिन्न संगठन, व्यक्तिहरूका विभिन्न सुझावहरू आएको पाइएको छ :

कसैले प्रवुद्ध व्यक्ति समूह ९झ्ष्लभुलत एभचकयलक न्चयगउ ९भ्एन्००  मा छलफल गरेर टुंगो लगाउनु पर्छ भनेका छन्, कसैले दुई देशका सचिवस्तरका कर्मचारी बसेर टंग्याउनु पर्छ भनेका छन्, कसैले प्रधानमन्त्री स्तरमा वार्ता हुनु पर्छ पनि भनेका छन् । कसै कसैले यसलाई अन्तर्राष्ट्रियकरण गर्नु पर्छ भन्ने सुझाव पनि राखेका छन् । कसैले त्यसो गर्नु हुँदैन पनि भनेका छन् ।

हामी निम्न लिखित कदम अविलम्ब चाल्नु पर्दछ भन्ने पक्षमा छौं र त्यसै अनुसार अघि बढिरहेका छौं :

(१) यतीखेर नै यो समस्या समाधानकालागि युद्ध तिर जानु सही हुन्छ भन्ने हामीलाई लाग्दैन । युद्धनै यसको समाधान होइन भन्ने हामीलाई लाग्दछ । हामीले यतीखेर युद्ध होइन कुटनीतिक पहल र जन दवाव बढाउने नीति अवलम्वन गनु पर्दछ ।

(२) एक हप्ता भित्रै भारत सरकार सँग प्रधानमन्त्री स्तरमा वार्ता गरिहाल्नु पर्दछ । अन्य स्तरको वार्ता र पत्राचारको खासै महत्व हुने देखिँदैन । सरकारले दूई देशका प्रधानमन्त्री स्तरको बैठकको व्यवस्थापन गरेर त्यहाँ छलफल भएका विषयहरूबारे अविलम्ब जनतालाई जानकारी गराओस् भन्ने हामी जोडदार माग गर्दछौं ।

(३) भारतले कब्जा जमाउने प्रयास गरिरहेको भूभागमा नेपालको सुरक्षा उपस्थिति हुँदै नभएको वा दयनीय अवस्थामा रहेको पाइएको छ । त्यस क्षेत्रमा भारतका सुरक्षा निकायका १० हजार संख्यामा जवानहरू परिचालित गरेको छ भन्ने चर्चामा आएको छ । नेपाल सरकारका तर्फबाट पनि नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी गरी कमसेकम १० हजार संख्यामा अविलम्ब परिचालन गरि हाल्नु पर्दछ । आफ्नो भूमिलाई लावारिस छाड्ने जुन काम भएको छ, त्यसको बिरोध गरिनु पर्दछ ।

(४) हाम्रो आफ्नो दाबीलाई अविलम्ब संयुक्त राष्ट्र संघ र अन्तर ाष्ट्रिय अदालत, हेगमा लैजाने पहल गरिहाल्नु पर्दछ । यी दुबै काम एकैसाथ अगाडि बढाउँदै जानु पर्छ । यसमा ढिला गरिनु हुँदैन ।

(५.) सबै राजनीतिक पार्टीहरू, संगठनहरू र संस्थाहरूले जनतालाई यो अतिक्रमणको विरोध र राष्ट्र बचाउनका लागि सडकमा उत्रेर भारत सरकारलाई दबाब दिने काम गर्नु पर्छ । लाखौं जनतालाई सडकमा उतार्न सबैले पहल गर्नु पर्दछ । सरकारले उक्त विरोध प्रदर्शनलाई सहयोग गर्नु पर्छ । यसमा सरकारव्दारा गरिने कुनै पनि किसिमको दमन सह्य हुने छैन ।

(६) रोजगारीकालागि विदेशमा गएका सबै नेपाली युवालाई स्वदेश फर्कने आह्वान गर्नु पर्छ । स्वदेश फर्कन चाहनेहरूलाई सरकारले सक्दो सहायता गर्नु पर्छ । दोहोरो नागरिकता पाउनु पर्छ भनेर पटक पटक माग गरिरहेका गैरआवासीय नेपाली ९ल्च्ल० हरूलाई पनि बोलाउनु पर्छ । राष्ट्र संकटमा परेका बेलामा सहयोग नगर्ने राष्ट्रको पक्षमा भूमिका नखेल्ने हो भने यो दाहोरो नागरिकताको माग प्रति नेपाली जनताको सहानुभूति नरहने अवस्था आउन सक्दछ ।

(७) आवश्यकता परेमा स्वेच्छिक सैनिक भर्तिका लागि सरकारले आह्वान गर्नु पर्छ र भर्ति खोल्नु पर्छ । त्यसका निमित्त नेपाली युवाहरूलाई लामवन्द हुन उन्प्रेरित गर्नु पर्छ ।

*०७६/८/७*

## असल...

२) राजनीतिक चनाखोपनलाई तिखार्नु ।

३) आफ्नो सैद्धान्तिक स्तर उठाउनु ।

४) पार्टीभित्र र बाहिर विचारधारात्मक संघर्षलाई तीव्र पार्नु, र

५) पार्टीका नीति र उपलब्धिहरूलाई सक्रिय रूपमा जनतामा प्रचार गर्नु ।

ख) नेतृत्वदायी कार्यकताहरूले संगठनात्मक नेतृत्वप्रति राम्रो ध्यान दिनुपर्छ । राजनीतिक कार्यदिशाको प्रतिपादन भएपछि,संगठनात्मक कामले सव कुराको फैसला गर्छ । हामी तलका कुराहरूप्रति आफ्ना कामरेडहरूको ध्यान आकृष्ट गर्छौं :

१) संगठनात्मक नेतृत्वलाई राजनीतिक नेतृत्वको स्तरसम्म उठाइनु पर्छ, अर्को शब्दमा भन्ने हो भने, सबै खालको कामलाई सैद्धान्तिक आधारमा राख्नुपर्छ,

२) सारा संगठनात्मक तथा दैनिक कार्यले पार्टीका राजनीतिक अभिभाराहरूको परिपुर्तिलाई र त्यसको कार्य योजनाको सिद्धिकरणलाई सुनिश्चित पार्ने काम गर्नुपर्छ ।

३) पार्टीको दैनिक नेतृत्वलाई महत्व दिइनुपर्छ, जसले गर्दा पार्टी संगठनहरू तलसम्म घनिष्ठ रहन्छन् र तिनीहरूको काम अझ बढी ठोस बन्छ ।

४) सारा अप्ठ्याराहरूलाई हटाउनका लागि पार्टी संगठनहरू र जनसाधारणहरूलाई संचालित गरि नुपर्छ ।

५) हामीले सबै खालको अवसरवाद जस्तो कि लापरवाही, ब्यर्थको बकवाद, हठीपन, नोकरशाही, औपचारिकतावाद, र लालफित्ते रुटिनवाद, भ्रष्टाचार, पतन, आदिको विरोध गर्नुपर्छ ।

ग) कार्यकर्ताहरू छान्नमा र कामको जिम्मा लगाउनमा विवेकको प्रयोग गरिनुपर्छ । यो पनि संगठनात्मक कार्यको हिस्सा हो, तर यसलाई छुट्टै रूपमा गर्न सकिन्छ । राजनीतिक योग्यता र कार्य क्षमता दुवै कार्यकर्ताहरूको चयनमा अपरिहार्य कसी हुन्, तर राजनीतिक विश्वासयोग्यता प्राथमिक रहन्छ । एकपल्ट स्टालिनले मानिसहरूले सिद्धान्तअनुसार नियुक्ति नगरिदिंदा पार्टीलाई भएको हानीतर्फ औंल्याउनुभएको थियो । उहाँले के भन्नुभयो भने यस्ता मानिसहरू जहाँ गए पनि तिनको पछाडि "चाकडीबाजहरू"को ठूलो भीड लाग्छ र उनीहरूले आफूलाई "आफ्नै" मान्छेजस्तो लागेकाहरूलाई मात्र नियुक्ति दिन्छन् ।

क्रमशः...




आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८० ९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दित्केल- ०३६४२०६७३, ०३६४०२०६८०

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा – ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१–५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७–५२११६९
०४७–६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# असल नेता कसरी बन्ने ?

(अप्रिल २२, १९४३)

● **चाउएनलाइ (अनु: कृष्णदास श्रेष्ठ)**

१. नेताको परिभाषा

जोसुकै कार्यकर्ताले कहिलेकाहीं नेतृत्वको काम गर्नुपर्ने हुनसक्छ र उनले यो काम गरिरहेको हुनु धेरै सम्भव छ। तसर्थ, नेतृत्वको काम निम्न, मध्यम वा उच्च, सबै स्तरका नेतृत्वदायी कार्यकर्ताहरूसित सम्बन्धित काम हो ।

होङ्यान र चेङ्शीयानमा८ स्टाफ सदस्यहरूको माझमा प्रत्येकले गर्ने कामको किसिममा मात्र भिन्नता छ, तर नेता र अनुयायीहरूको माझमा कुनै भिन्नता छैन, कार्यकर्ता र गैर-कार्यकर्ताको माझमा त झन् कम भिन्नता पाइन्छ । होङ्यान र चेङशियानमा 'नव चीन' दैनिकको कार्यालयमा काम गरिरहेको कुनै-कुनै कामरेडहरूले नेतृत्वको जिम्मेदारी प्रत्यक्ष रूपमा बहन गरिरहेका छैनन्, तर पनि उनीहरू वास्तवमा नेता हुन् ।

२. नेताले लिनुपर्ने अडान

नेतृत्वदायी कार्यकर्ताहरूले आफूले गर्ने प्रत्येक काममा पार्टीको दृष्टिकोणलाई आधार बनाउनु पर्छ । तर यो सामान्य भनाइ मात्र हो । बढी विशेष ढंगबाट भन्ने हो भने, नेतृत्वदायी कार्यकर्तामा तलका गुणहरू हुनुपर्छ :

(क) दरो मार्क्सवादी-लेनिनवादी विश्व-दृष्टिकोण र जीवनबारे क्रान्तिकारी दृष्टिकोण,

(ख) सिद्धान्तप्रति निष्ठा,

(ग) जनताको तागतमा आस्था,

(घ) अध्ययनप्रति समर्पण,

(ङ) दरो जुझारु भावना,

(च) अनुशासनको उच्च भावना,

३. नेता र नेतृत्वदायी संगठनहरू

(क) सामुहिक नेतृत्व र माथिल्लो स्तरद्वारा तल्लो स्तरको नेतृत्व, एकीकृत नेतृत्व, केन्द्रीयता र जनवाद (छलफल र कार्य-विभाजन)

(ख) व्यक्तिगत जिम्मेदारी र व्यक्तिगत नेतृत्व- विशाल पृष्ठभागमा यसको खास रूपले खाँचो छ र सामुहिक नेतृत्वले यसको कदापि निषेध गर्दैन ।

(ग) प्रत्यक्ष व्यक्तिगत हस्तक्षेप र माथिबाट निर्णय- यो सामान्य चलन होइन, बरु खास परिस्थितिमा वा दृष्टान्त प्रस्तुत गर्नका लागि प्रयोग गरिने तरिका हो ।

४. सही नेतृत्व भनेको के हो ?

अब म स्टालिनले एकपल्ट उल्लेख गर्नुभएका तीन बुँदाहरूको ८ विशद व्याख्या गर्नेछु। त्यसमा भनिएको छ : "उचित नेतृत्व गर्नुको अर्थ हो : पहिलो, समस्याको उचित सामाधानको पत्ता लगाउनु, तर हाम्रो नेतृत्वको फल भोग्ने जनसाधारणको अनुभवलाई ध्यानमा नराखीकन समस्याको उचित समाधान पत्ता लाउनु असम्भव छ; दोस्रो, सही समाधानको प्रयोगलाई संगठित पार्नु तेस्रो, सो समाधान पूरा भएको कुरोको प्रमाणीकरण गर्नु; फेरि यो काम पनि जनसाधारणको पृत्यक्ष सहयोगविना गर्न सकिंदैन ।"

क) लिएका फैसलाहरू सही हुनुपर्छ । पहिलो, नेताहरूले खास समयमा खास ठाउँका विशेषताहरूलाई पत्ता लाएर, स्थितिको मूल्यांकन गर्नुपर्छ र सम्भव परिवर्तनहरूको पूर्व जानकारी राख्नुपर्छ। दोस्रो, उनीहरूले यो सबैलाई पार्टीको सामान्य अभिभारासित सम्बन्धित पार्नुपर्छ र खास अवधिका लागि अभिभारा र नीति निर्धारित गर्नुपर्छ। तेस्रो, सो नीतिअनुरूप, उनीहरूले विद्यमान स्थितिसित मिल्दा नारा र कार्यनीति बनाउनुपर्छ । चौथो, अनि उनीहरूले यथार्थवादी योजना तथा निर्देशनहरूको तर्जुमा गर्नुपर्छ। उनीहरूले वास्तविक स्थितिको गहन अनुसन्धान र अध्ययन गरेर यी सारा कामहरू गर्नुपर्छ र परिणामलाई पार्टी विचार र सिद्धान्तहरूसित गाँस्नुपर्छ ।

ख) सही फैसलाहरूलाई कार्यान्वित गर्नुपर्छ। पहिलो, नेताहरूले योजना र निर्देशनहरूलाई कार्यान्वित गर्ने उपायहरूबारे छलफललाई संगठित पार्नुपर्छ। दोस्रो, उनीहरूले सावधानीपूर्वक योग्य व्यक्तिहरू छानेर तिनीहरूलाई योजना कार्यान्वयन गर्ने जिम्मा दिनुपर्छ । तेस्रो,उनीहरूले पार्टीको योजना पूरा गर्न प्रयत्नहरूलाई संगठित पार्नुपर्छ । चौथो,दृष्टान्त प्रस्तुत गर्ने उद्येश्यले उनीहरूले व्याक्तिगत रूपवाट कार्यान्वयनमा भाग लिनुपर्छ। यसो गरेमा,उनीहरूले पार्टीका कार्यदिशा तथा कार्यनीति सही छन् कि छैनन्,वा त्यसलाई हेरफेर गर्नुपर्छ कि पर्दैन भन्ने कुरा व्यवहारद्वारा पत्ता लगाउन सक्छन् ।

ग) फैसलाको वास्तविक कार्यान्वयनको समीक्षा हुनुपर्छ। यस्तो समीक्षा गर्ने तरिकाहरू : (१) हामीले कबुललाई भन्दा कामको ठोस परिणामलाई ध्यानमा राख्नुपर्छ, (२) हामीले कागजी योजनालाई मात्र हेर्नु हुदैन, बरु काम विवेकपूर्ण ढंगवाट गरिंदै छ कि लापरवाही ढंगवाट गरिंदै छ भन्ने कुराको जाँच गर्नुपर्छ (३) हामीले रूपमा भन्दा वस्तुसारमा ध्यान दिनुपर्छ र फैसलालाई सही ढंगवाट कायान्वित गरिंदै छ कि त्यसलाई तोडमोड गरिँदैछ भन्ने कुरा जाँच्नु पर्छ, (४) माथिवाट तल मात्र होइन, तलबाट माथि पनि समीक्षा गरिनुपर्छ (५) समीक्षा व्यवस्थित र नियमित हुनुपर्छ,र नेताहरूले व्यक्तिगत रूपमा समीक्षामा भाग लिनुपर्छ ।

स्टालिनले भन्नुभए अनुसार, नेताहरूले जनसाधारणसित घनिष्ठ सम्बन्ध कायम गर्नुपर्छ र नेता र जनसाधारण दुवैवाट प्राप्त गरिएको अनुभवलाई संयोजित गरिनुपर्छ। यसरी मात्र सही नेतृत्व हुन सक्छ।

५. नेताका अभिभाराहरू

कामरेड माओ चतुङ के भन्नुहुन्छ भने कार्यकर्ताहरूको राम्रो प्रयोग गर्नु र नीति कार्यान्वित गर्नु नेताका अभिभाराहरू हुन् । यो साँचो हो । तिनलाई टुक्रयाउँदा ती निम्न प्रकारका हुन्छन्ः

क) नेतृत्वदायी कार्यकर्ताहरूले विचारधारात्मक र राजनीतिक नेतृत्वप्रति निकट ध्यान दिनुपर्छ । यसको निम्ति उनीहरूले निरन्तर रूपमा आफ्नो विचारधारात्मक स्तर उठाउनु र आफ्नो राजनीतिक प्रशिक्षणलाई बलियो पार्नुपर्छ । हामी के माग गर्छौं भने हाम्रा कार्यकर्ताहरूले निम्न कुराहरूमा आफ्नो ध्यानलाई केन्द्रित पारुन् :

१) महत्वपूर्ण कुरोमा जोड दिनु ।

*बाँकी ७ पेजमा*


# देजमोका निर्वाचन बहिष्कार र राष्ट्रियतासम्बन्धी संघर्षका कार्यक्रमहरू

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल चितवन जिल्ला समितिको आयोजनामा यही मंसिर १४ गते हुन गइरहेको उपनिर्वाचनको सक्रिय बहिष्कार गर्ने क्रममा यही मंसिर ७ गते भरतपुर महानगरपालिका वडा नं. १६ मा बहिष्कार सभाको आयोजना गरियो। जसमा नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी महिला सघको अध्यक्ष अम्बिका मुढभरी प्रमुख वक्ताका रूपमा र उक्त कार्यक्रम बाबुराम परियारले गरेका थिए।

त्यसैगरी सोही जिल्लाको खैरहनी नगरपालिका वडा न. ४ र ५ मा बहिषर सभाको आयोजना गरियो। जसमा वडा नं. ४ टाँडीमा अखिल नेपाल क्रान्तिकारी महिला सघको अध्यक्ष अम्बिका मुढभरी प्रमुख वक्ताका रूपमा सञ्चालन गरेका थिए। त्यसैगरी उक्त जिल्लामा यही मसिर ९ गते ११ बजे राप्ती नगर पार्टी प्रवेश तथा राजनीतिक ध्रुवीकरण, २ बजे झण्डारा चोक राप्तिमा राष्ट्रियतासम्बन्धी सभा, १० गते भारतद्वारा अतिक्रमित कालापानी लगायत भूभाग कब्जा गरेकोमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउने र २० गते माडीमा राष्ट्रियतासम्बन्धी सभा गर्ने निर्णय गरेको प्राप्त भएको छ।

त्यसैगरी देजमो, नेपाल र सबै जबसहरूको सहभागितामा यही मसिर ९ गते भारतीय दूतावासलाई नेपालको अतिक्रमित भूभाग तत्काल छोड्ने दवाव स्वरूप जुलुससहित ज्ञापनपत्र बुझाउने कार्यक्रम छ। उक्त कार्यक्रम लैनचोर खानी विभाग अगाडिबाट सुरु भएर भारतीय राजदूतावास गई विरोध पत्र बुझाउने जानकारी प्राप्त भएको छ।

## अतिक्रमित...



संयुक्त राजनीतिक दलित संघर्ष समिति, नेपाल
(United Political Dalit Struggle Committee, Nepal)

आफ्नो सीमाभित्र पारेको छ । नेपाली भूभागमा पर्ने कालापानीमा अतिक्रमण गरी भारतीय सेना परिचालन गरेको कुरालाई सहि ठर्हयाउने प्रयत्न स्वरूप नेपालको सार्वभौमिकतामाथि नाङ्गो हस्तक्षेप गरेको छ । अतिक्रमणका विरुद्ध सर्वत्र विरोध भैरहेको छ । लिपुलेक, लिम्पियाधुरा र कालापानी भारतमा गाभिएको नक्शा नेपाल सरकारका मन्त्रालय तथा विभिन्न कार्यालयमा पनि टाँगिने गरेको' उल्लेख गरिएको छ।

सन् १८१६ मा तत्कालिन भारतको इष्टइन्डिया कम्पनीको सरकार र नेपाल सरकारका प्रनिनिधिका वीचमा भएको सन्धीको पाँचौं बुँदामा १कालीनदी भन्दा पश्चिमको भाग नेपालका राजाले दावी नगर्ने' भन्ने उल्लेख छ । त्यसैको उत्तराधिकार सम्हालेको भारतले निधर्प्रित भूभागको सुरक्षा गर्नुपर्ने हो। तर, भारत सरकारले जानीबुझी महाकाली नदीको उद्गमनै बदल्ने, कृत्रिम काली नदी सिर्जना गर्ने जस्ता कृयाकलाप गरिरहेको भन्दै वक्तव्यमा भारतको त्यस प्रकारको कार्यको विरोध गरिएको छ।

ज्ञापन पत्र बुझाउने संगठनहरूमा नेपाल दलित मुक्ति मोर्चा- संयोजक अमर परियार, दलित मुक्तिमोर्चा, नेपाल- अध्यक्ष, डम्बरबहादुर विश्वकर्मा, समाजवादी दलित मुक्ति महासंघ - अध्यक्ष, खिमबहादुर विश्वकर्मा, जात व्यवस्था उन्मुलन मोर्चा, नेपाल- संयोजक, राजकुमार हिडमाङ, संयुक्त दलित अधिकार मञ्च, नेपाल- अध्यक्ष, लक्ष्मण बर्देवा, नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा - प्रतिनिधि, धर्मराज विडुवाल, राष्ट्रिय दलित मोर्चा - संयोजक, श्याम परियार, नेपाल राष्ट्रिय दलित केन्द्र- अध्यक्ष, उपेन्द्र छट्टुन्जेल, विभेद मुक्ति प्रगतिशील समाज- संयोजक, यामबहादुर वि.क.लगायत रहेका छन् ।

## हार्दिक श्रद्धाञ्जली



जन्मः
२००९/०१/०७

मृत्युः
२०७६/०८/०४

यस सगरमाथा माध्यामिक विद्यालयका मिलनसार तथा सहयोगी शिक्षक श्री सतिसराज घिमिरेका पिता श्यामप्रसाद घिमिरेको २०७६ मंसिर ४ गतेका दिन असामयिक निधन भएको खबरले यस विद्यालय परिवार ज्यादै शोकाकुल भएको छ । यस दुःखद उहाँको देहवसानप्रति श्रद्धाञ्जली र उहाँका परिवारजनप्रति गहिरो प्रकट गर्दछौं ।

**सगरमाथा विद्यालय परिवार**
जावलाखेल, ललितपुर


**गोकर्णेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल

**सूचना**

१. स्वास्थ्य र पौस्टिक खान खाऔ, नियमित स्वास्थ्य जाच गरौ
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔ उपभोक्ताको जीवनसंग खेलवाड नगरौ
६. बोट बिरुवा रोपी गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाऔ ।

**भिम बहादुर शाही**
प्रशासन, योजना तथा अनुगमन शाखा
**गोकर्णेश्वर नगरपालिका**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।